जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक २७, २०७७ साल चैत ६ गते शुक्रबार, नेपाल संवत् ११४१ (March. 19, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## प्रदूषित सहरहरूको सूचीमा काठमाडौं दशौं स्थानमा

काठमाडौं । विश्वका सबैभन्दा प्रदूषित राजधानीको सूचीको शीर्ष दशमा काठमाडौं परेको छ । स्विट्जरल्याण्डको संस्था आइक्यू एयरले गरेको अध्ययनपछि जारी गरिएको ‘वर्ल्ड एयर क्वालिटी रिपोर्ट’ २०२० का अनुसार काठमाडौं विश्वका सबैभन्दा प्रदूषित राजधानीको सूचीमा दशौं स्थानमा परेको हो ।

सबैभन्दा प्रदूषित राजधानीको शीर्ष स्थानमा भारतको राजधानी दिल्ली परेको छ भने दोस्रोमा बंगलादेशको बाँकी ८ पेजमा

## नजिकिंदै पत्रकार महासंघको निर्वाचन

काठमाडौं । नेपाल पत्रकार महासंघको निर्वाचन यही चैत २५ गते हुने भएको छ । महासंघका उपलब्ध सदस्य सम्मिलित केन्द्रीय समितिको बैठकले जिल्ला, प्रदेश, केन्द्र, प्रतिष्ठान र एसोसियट संरचनाको निर्वाचन तीन हप्तापछि एकै दिन गर्ने निर्णय गरेको सचिव प्रकाश थापाले जानकारी दिनुभयो । महासंघको संशोधित विधान अनुसार केन्द्रीय साधारणसभा गत फागुन ४ र ५ गते सम्पन्न भइसकेको छ । चैत ७ गते सबै तहको निर्वाचन कार्यतालिका प्रकाशन हुने महासंघले जनाएको छ । निर्वाचनको मिति तय भएसँगै पत्रकार कपिल काफ्लेका संयोजकत्वमा गठित निर्वाचन समितिले काम अघि बढाउने जनाइएको छ ।

# अझै अलमलमा राजनीतिक दलहरू

काठमाडौं । सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनको निर्णय बदर गर्ने फैसला सुनाएको तीन साताभन्दा बढी समय बितिसक्दा पनि राजनीतिक दलहरूले नयाँ सरकारको गठन या ओली सरकारकै निरन्तरता भन्ने विषयमा निर्णय दिन अझै सकेका छैनन् । अर्कोतर्फ नैतिकताका आधारमा राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्नेमा प्रधानमन्त्री केपी शर्मा ओली सत्ता लम्ब्याउने दाउपेचमा लागिरहेकै छन् । आफू सत्तामा रहने अवस्था अन्यौलमा परेसँगै ओली पुनः संसद विघटन गर्ने मनस्थितिमा देखिएका छन् ।

मंगलबार राष्ट्रपति विद्यादेवी भण्डारीले शितलनिवासमा बोलाएको सर्वदलीय बैठकमा प्रधानमन्त्री ओलीले संसद विघटनको संकेत गर्दै मध्यावधि निर्वाचनमा जान दलहरूसँग प्रस्ताव गरेका छन् । प्रधानमन्त्रीको भनाइलाई समर्थन गर्दै राष्ट्रपति भण्डारीले ‘लोकतन्त्रमा चुनाव स्वाभाविक हो, यसलाई नकारात्मक रुपमा लिनु हुँदैन’ भन्नुले फेरि संसद जोखिममा रहेको विश्लेषण गरिँदैछ । कथित सर्वदलीय बैठक प्रधानमन्त्रीको चुनावमा जाने धारणा सुनाउनकै लागि आयोजना गरिएको आम बुझाइ छ ।

१२ दिनअघि सर्वोच्चकै अर्को फैसलाले विभाजित नेकपाको एउटा खेमा बन्न पुगेको माओवादी केन्द्रले सरकारलाई दिएको विश्वासको मत पनि फिर्ता लिन सकेको छैन । न त उसले नयाँ वैकल्पिक सरकारको खाका नै अघि बढाएको छ । सबैभन्दा बढी निर्णायक भूमिका खेल्नुपर्ने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा ‘पर्ख र हेर’ को मनस्थितिमा छन् । जसका कारण प्रधानमन्त्री ओलीले निरन्तरता पाउँछन् कि वैकल्पिक सरकार बन्नेछ भन्ने प्रश्न अझै अनुत्तरित छ । यस्तो अवस्था सिर्जना हुँदा सबै राजनीतिक दलभित्र विभाजन र मतविरोधको अवस्था उत्पन्न भएको छ । कांग्रेसभित्र देउवा पक्ष र रामचन्द्र पौडेल पक्षबीच समान धारणा बन्न नसक्दा परस्पर विरोधी धारणा आइरहेको छ ।

जनता समाजवादी पार्टीभित्र पुरानो संघीय समाजवादी पार्टी र राष्ट्रिय जनता दलको रुपमा दुईमत बन्दै गएको









देखिन्छ । माओवादी केन्द्रका केही नेता ओली सरकारमा सामेल छन् र नेकपा एमालेमा आबद्ध भएर आफ्नो मातृ पार्टी माओवादी केन्द्र परित्याग गरेका छन् । सर्वोच्चको फैसलाले सबैभन्दा चर्को अन्तर्संघर्षको अवस्थामा नेकपा (एमाले) धकेलिएको छ । एमालेको आगामी दिन कसरी अघि बढ्ने हो भन्नेले नै धेरै हदसम्म आउने राजनीतिलाई प्रभावित पार्ने निश्चित छ ।

प्रधानमन्त्री ओली नै अध्यक्ष रहेको एमालेभित्र ओली पक्ष र नेपाल-खनाल पक्षका रुपमा तीव्र ध्रुवीकरण सुरु भएको छ । २८ फागुनमा ओलीले आफ्नो समूहको बैठक डाकेर केही महत्वपूर्ण निर्णय गराए । उनले महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका पदाधिकारीलाई पदबाट बर्खास्त गरिदिए । माओवादी केन्द्रबाट आएका २३ जनालाई केन्द्रीय सदस्य मनोनित गरे । विभागीय प्रमुख र प्रदेश इन्चार्जमा नेपाल-खनाल पक्षलाई हटाएर आफ्ना समूहका नेताहरू भर्ती गरे । यसलाई नेपाल-खनाल पक्षले आफ्नो अस्तित्वमाथि चुनौतीका रुपमा लियो । त्यसैले उनीहरूले ४ र ५ गते आफ्नो समूहको कार्यकर्ता भेला आयोजना गरेर अघि बढ्ने रणनीति तय गरेका छन् । यस्तो भेला आयोजना गरे अनुशासनको कारबाही गर्ने र संसद सदस्यबाट समेत हटाउने चेतावनी ओलीले दिइसकेका छन् ।

प्रधानमन्त्री ओलीले आफ्नो सरकारी निवास बालुवाटारमा आयोजना गरेको चियापान कार्यक्रममा माधव नेपाल र झलनाथ खनाल समूहले बहिष्कार गर्नुले एमालेभित्र बढेको तिक्ततालाई सहज अन्दाज गर्न सकिन्छ । राष्ट्रपति विद्यादेवी भण्डारीले शितलनिवासमा बोलाएको सर्वदलीय बैठकमा पनि पूर्वप्रधानमन्त्रीहरू माधव नेपाल र झलनाथ खनाल सहभागी भएनन् । ओलीका हरेक कदमलाई साथ दिँदै आएकी राष्ट्रपति भण्डारीसँग पनि यो समूह क्षुब्ध छ ।

यस्तो अवस्थामा एमाले एकीकृत भएर अघि बढ्छ भन्न सकिँदैन । नेपाल-खनाल पक्षमाथि अब ओलीले कारबाहीको डन्डा चलाउने छन् र एमाले औपचारिक रुपमै विभाजनको संघारमा पुग्नेछ । त्यसो भयो भने ओलीलाई सरकारमा टिकिरहन माओवादी केन्द्र वा कांग्रेसको साथ चाहिन्छ । कांग्रेस सभापति शेरबहादुर देउवाले पनि सरकारको नेतृत्व गर्न आफू तयार रहेको भनिसकेका छन् ।

कांग्रेसभित्रको रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला पक्ष ओलीसँग सहकार्य नगर्न सभापति देउवालाई खबरदारी गरिरहेका छन् । सत्ता महत्वाकांक्षी देउवा आफू प्रधानमन्त्री बन्ने अवसरको बाँकी ८ पेजमा

## कांग्रेस पनि निर्वाचनकै पक्षमा

काठमाडौं । सर्वोच्चको निर्णयले पुनर्स्थापित संसद् गतिशील हुन नसकेको भन्दै राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री केपी ओलीले सर्वदलीय बैठकमा चुनावमा जाने प्रस्ताव अघि सारेका थिए । त्यसलाई कतिले स्वागत गरे कतिले विरोध । तर कांग्रेसका केही शीर्ष नेताहरूले पनि ताजा जनादेशको प्रस्तावलाई स्वीकार गरेका छन् । सर्वोच्च अदालतले संसद् पुनर्स्थापना गरेको एक महिना नपुग्दै प्रधानमन्त्री ओली र विपक्षी दलका नेता देउवाबीच चुनावी एजेन्डामा एकरूपता देखिएको छ ।

राष्ट्रपतिले मंगलबार बोलाएको सर्वदलीय बैठकमा कांग्रेस सभापति शेरबहादुर देउवा बोलेका थिएनन् । वरिष्ठ नेता रामचन्द्र पौडेल र उपसभापति विमलेन्द्र निधिले भने संसद् फेरि विघटन गरेर चुनावमा जाने राष्ट्रपति र प्रधानमन्त्रीको प्रस्तावमा आपत्ति जनाएका थिए ।



मुलुकलाई निकास र संसद्लाई गतिशील बनाउन ताजा जनादेशमा जानुको विकल्प छैन । अन्यथा संसदीय व्यवस्था नै गलत हो भन्ने सोचलाई बल पुग्न सक्छ । कांग्रेस केन्द्रीय सदस्य रमेश लेखकले एमाले र जसपाभित्र सरकार गठनका विषयमा फरक-फरक मत रहेको र बहुमतको सरकार बन्न सक्ने अवस्था नभएकाले ताजा जनादेशको विकल्प नरहेको बताए ।

कांग्रेस, माओवादी बाँकी ८ पेजमा

## एमाले विवाद झाँगिँदै

काठमाडौं । सत्ताको बागडोर सम्हालिरहेको नेकपा एमालेभित्रको विवाद थप उत्कर्षमा पुगेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले फागुन २८ गते केन्द्रीय सदस्यहरूको बैठक राखेर माधवकुमार नेपाल पक्षका सबै नेताहरूको जिम्मेवारी खोसेपछि नेपाल समूहले चैत ४ र ५ गते राष्ट्रिय भेला गर्दैछ। फागुन २८ गतेको निर्णय मान्य नहुने भन्दै नेपाल समूहले देशभरका कार्यकर्तालाई काठमाडौं बोलाएर भेला आयोजना गर्न लागेको हो। ओलीले सो भेलामा सहभागी भए कारबाही गर्ने धम्की दिएका छन् तर नेपाल समूहले कारबाही सहन लामबद्ध रहेको जनाएको छ।

सर्वोच्च अदालतले एमाले र माओवादी केन्द्र ब्युँताइदिएपछि एमालेभित्र पुरानो विवाद झन् बढेको छ। ओली पक्षले नेपाल समूहको जिम्मेवारी खोस्दै लगेपछि विवाद उत्कर्षमा पुगेको हो। हाल नेपाल पक्षले देशव्यापी रूपमा आफ्नो तहबाट एमालेभित्र समानान्तर



कमिटी बनाउन लागेको छ। ‘बुधबार सुरु हुने राष्ट्रिय कार्यकर्ता भेलामा दुई हजार पाँच सय कार्यकर्ता सहभागी हुँदैछन्। पार्टी एकता जोगाउन र पार्टीलाई अझ बलियो बनाउन भेला आयोजना गरिएको हो’, नेपाल पक्षका स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डेले भने। उनका अनुसार भेलाको सबै तयारी पूरा भइसकेको छ। नेपाल पक्षले राष्ट्रिय कार्यकर्ता भेला आयोजना गरेपछि सोमबार बिहान एमाले पार्टी कार्यालय धुम्बाराहीमा ओली र नेपाल दोस्रो तहका नेताहरूसहित छलफलमा जुटेका थिए।

ओलीले फागुन २८ गतेको निर्णयबाट पछि नहट्ने बताएपछि छलफल बिनानिष्कर्ष टुंगिएको थियो। फागुन २८ को निर्णय नसच्याउने हो भने चैत ४ र ५ गतेको राष्ट्रिय कार्यकर्ता भेला नरोक्ने नेपालले जनाएका थिए। मंगलबार बिहान ओलीले बालुवाटारमा आयोजना गरेको चियापान कार्यक्रममा नेपाल समूहका कोही पनि सहभागी भएनन्। ओलीले चियापान कार्यक्रममा सम्बोधन गर्दै नेपाल समूहको भेलामा गए कारबाही गर्ने चेतावनी दिए। त्यसपछि नेपाल समूहले आयोजना गरेका पत्रकार सम्मेलनमा प्रचार विभाग प्रमुख योगेश भट्टराईले आफूहरू कारबाही भोग्न तयार रहेको बताए। उनले प्रधानमन्त्री ओलीलाई भेलामा सहभागी हुन र भेलाको उद्घाटन गर्नसमेत आग्रह गरेका थिए। भेलामा आउने नेता-कार्यकर्ता एमालेकै भएको भन्दै भेलाको उद्घाटन गर्न ओलीलाई आग्रह गरेका हुन्।

ओलीले भेलामा जानेहरूमाथि नजर लगाइनेछ भनेपछि प्रतिउत्तरमा भट्टराईले भेलामा सहभागी हुनेहरूका लागि नजर लगाउन कसैलाई बाँकी ८ पेजमा

## श्रेष्ठको निधनप्रति मालेको भावपूर्ण श्रद्धाञ्जली



काठमाडौं । नेकपा मालेले एक विज्ञप्ति प्रकाशित गरी मार्क्सवादी चिन्तक मणिकलाल श्रेष्ठको हालै भएको निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ । पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

‘नेपालका एक सुपरिचित मार्क्सवादी चिन्तक, नेपाल भाषाका प्रतिष्ठित अभियन्ता तथा त्रिभुवन विश्व-विद्यालयका प्राध्यापक श्री मणिकलाल श्रेष्ठको ८९ बर्षको उमेरमा काठमाडौंको महाराजगंजस्थित सहिद गंगालाल अस्पतालमा २०७७ बाँकी ८ पेजमा

## महाकालीमा भारतको दादागिरी

दार्चुला । भारतले महाकालीको बहाव परिवर्तन गरेर दार्चुला सदरमुकाम पारिपट्टि एकतर्फी रूपमा तटबन्ध निर्माण जारी राखेको छ। सीमा नदीमा संरचना निर्माण गर्दा दुवै देशको सहकार्यमा बनाउनुपर्ने प्रचलनविपरीत नेपाली पक्षसँग समन्वय नगरी भारतले धमाधम तटबन्ध बाँकी ८ पेजमा

## पेट्रोलियम पदार्थको मूल्य फेरि बढ्यो

काठमाडौं । नेपाल आयल निगमले फेरि पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । चैत ३ गतेदेखि लागू हुने गरी निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको हो । निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर २ रुपैयाँले बढाएको छ । पेट्रोल ११८ रूपैयाँ तथा डिजेल र मट्टीतेल १०१ रूपैयाँ प्रतिलिटर पुगेको छ ।

## विकास खर्च २३ प्रतिशत मात्रै

काठमाडौं । सरकारले पुरानै प्रवृत्ति दोहो-याउँदा यस आर्थिक वर्षमा पनि विकास खर्च हुनसकेको छैन । सरकारले सदैव आर्थिक वर्षको अन्त्यमा विकासको गतिविधिलाई तीव्रता दिने प्रचलनलाई यस वर्ष पनि निरन्तरता दिँदा विकास खर्च हुन नसकेको पाइएको छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार सरकारले चालू आर्थिक वर्षको आठ महिना (साउनदेखि फागुन मसान्तसम्म) को अवधिमा विनियोजित रकममध्ये २३ प्रतिशतमात्र अर्थात् ७९ अर्ब ६९ करोड ६६ लाख रुपैयाँ विकास (पुँजीगत) खर्च गरेको छ । यस वर्षको लागि पुँजीगत शीर्षकमा तीन खर्ब ५२ अर्ब ९१ करोड रुपैयाँ विनियोजन गरेको अर्थ मन्त्रालयले विनियोजित रकम खर्च नहुने भएसँगै बाँकी ८ पेजमा

## चालु खाता एक खर्बले घाटामा

काठमाडौं । चालु आर्थिक वर्ष २०७७/७८ को सात महिनामा चालु खाता एक खर्ब एक अर्ब ९० करोड रूपैयाँले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता एक खर्ब ६ अर्ब रूपैयाँले घाटामा थियो । चालु आवको सुरुदेखि नै बचतमा गएको चालु खाता मंसिरपछि घाटामा जान थालेको हो । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको विवरण अनुसार अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ९३ करोड ६ लाखले घाटामा रहेको चालु खाता यस अवधिमा ८७ करोड १० लाखले घाटामा छ।

राष्ट्र बैंकले प्रकाशित प्रतिवेदन अनुसार सात महिनामा ०.०१ प्रतिशतले आयात वृद्धि हुँदा निर्यात ७.६ प्रतिशतले बढेको छ। सात महिनामा कुल वस्तु निर्यात ७.६ प्रतिशतले वृद्धि भई ६९ अर्ब ९२ करोड रूपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात २२.४ प्रतिशतले वृद्धि भएको थियो। सात बाँकी ८ पेजमा

## पर्यावरणीय जोखिममा नेपाल

समय सन्दर्भ

**तेजेन्द्र प्रसाईं**

मानव सभ्यताको विकाससँगै उसलाई आवश्यक पर्ने भौतिक विकासमा प्राकृतिक सम्पदाहरूको अधिकतम प्रयोग गरिएका कारण प्राकृतिक स्रोत, साधन र सम्पदामा ह्रास आएपछि विश्वको वातावरणमा गम्भीर असरहरू देखापर्न थालेका छन् । विश्वको जनसंख्या ७.३ अर्ब पुगिसकेको अवस्थामा त्यत्रो संख्यालाई चाहिने भोजन, आवास, लत्ताकपडादेखि पिउनेपानी र फेर्ने श्वाससम्म पृथ्वीबाट नै उपलब्ध हुँदै आएको छ । मनिसले आफ्ना आवश्यकता पूरा गर्न पृथ्वीमाथि चरम र अप्राकृतिक किसिमको दोहन गर्दै आएको छ जसले गर्दा पृथ्वीको वातावरण खलबलिन गई गम्भीर रूपका पर्यावरणीय समस्याहरू देखा पर्न थालेका छन् भने ती



समस्यासँग जुध्ने क्षमतामा पनि ह्रास आइरहेको छ ।

विश्वव्यापी रूपमा चिन्ता र चासोको विषय बनिरहेको पर्यावरणीय समस्याले नेपाललाई पनि नराम्रोसँग प्रभाव पार्न थालेको छ । जलवायु परिवर्तन, वनजंगलको विनाश, जैविक विविधताको विनाश, बाढीपहिरो, खडेरी, अनावृष्टि, अधिकवृष्टि, तापक्रममा वृद्धि जस्ता वातावरणीय समस्या टड्कारो रूपमा देखिएका छन् । वैशाख १२ गते गएको भुइँचालोको उद्धार र राहत कार्य सम्पन्न नहुँदै पूर्वी पहाडी जिल्ला ताप्लेजुङमा गएको भीषण बाढीपहिरो र मुलुकका विभिन्न ठाउँमा गएका पैरो र भूक्षयको सम्बन्ध पनि पर्यावरणीय समस्यासँगै गाँसिएको छ । मौसमविदहरूको अनुमान र अगाडिका तथ्यांकहरूभन्दा फरक किसिमले भएको अत्यधिक वर्षा बाढीपहिरोको मूल कारण बनेको थियो । त्यसो त भूकम्पसँगै जान थालेका सुख्खा पहिराहरू पनि उत्तिकै विनाशकारी र डरलाग्दा देखिँदै आएका छन् ।

सन् २१०० अर्थात् अबको ८५ वर्षपछि विश्वको जनसंख्या २८.६ अर्ब पुग्न सक्ने अनुमान गरिएको छ । वैज्ञानिकहरूको एउटा टिमले अध्ययन गरेअनुसार त्यो बेलाको पर्यावरणीय स्थिति निकै नै भयावह हुने देखिन्छ । नेपालका हिमालहरू हिउँविहीन बन्ने निष्कर्ष वैज्ञानिकहरूले निकालेका छन् । पृथ्वीको तापक्रम बढाउने कार्बनडाइअक्साइड उत्सर्जनको गति यसरी नै बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बिजनेशविहीन संसद

२०७४ सालमा सम्पन्न स्थानीय, प्रदेश र संघमा भएको निर्वाचनबाट जनमतका आधारमा नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र क्रमशः पहिलो, दोस्रो र तेस्रो बने । मधेस केन्द्रित दल तत्कालीन संघीय समाजवादी फोरम नेपाल र जनता समाजवादी पार्टी चौथो र पाँचौं क्रममा रहे । संसदमा पहिलो र तेस्रो हैसियत बनाएको पार्टीबीच वाम गठबन्धन मात्र भएन, पार्टी नै एकता गरेर २०७५ जेठ ३ गते नाम दिए नेपाल कम्युनिस्ट पार्टी (नेकपा) । दुई पार्टी एक भएर बनेको नेपाल कम्युनिस्ट पार्टीभित्र झन्डै दुईतिहाई नजिक जनमत थियो । त्यही जनमतलाई आधार मानेर देशमा राजनीतिक स्थायित्व र त्यसले विकास र समृद्धिको लहर ल्याउने अपेक्षा गरियो । बीपी कोइरालापछि बलशाली प्रधानमन्त्री बनेका केपी शर्मा ओली नेतृत्वको सरकारले कर्णप्रिय नारा नै तय गर्‍यो, 'समृद्ध नेपाल सुखी नेपाली ।'

तर एकताको तीन वर्षमै सत्तारूढ नेकपाभित्रको अन्तरसंघर्ष आन्तरिक किचलो र विवादले स्थिर देखिएको राजनीतिक परिदृश्य परिवर्तित भयो र देश नै अस्थिरतातर्फ धकेलियो । संसद विघटनको घटना घट्यो । विघटनको पक्ष र विपक्षमा राजनीति ध्रुवीकृत भयो । जनप्रदर्शनको होडबाजी चल्यो । यही बीच सर्वोच्च अदालतले संसद विघटनलाई बदर गरिदियो र संसद पुनर्स्थापना भयो । तर पुनर्स्थापित संसदले 'बिजनेश' पाउन सकेको छैन । शोक प्रस्ताव पारित गर्दै बैठक अन्त्य गर्ने उपक्रम चलिरहेको छ । संसदलाई प्रभावकारी बनाउन सरकार अनिच्छुक जस्तो देखिएको छ । हालको संसदको कुनै उपादेयता नभएको देखाउन सरकार उद्यत छ । संसदलाई बिजनेश सरकारले दिने हो । तर सरकार सत्ता समीकरणको अंकगणितमै व्यस्त छ । जनता समाजवादी दल फुटाएर पनि प्रधानमन्त्री ओली आफ्नो सरकार टिकाउने अभियानमा देखिएका छन् ।

नेकपाभित्र चलिएको विवाद उत्कर्षमा पुगेका बेला सर्वोच्च अदालतले फेरि एकता अघिकै अवस्थामा वैधानिक रूपमा उभ्याइदिएपछि सरकार निर्माण र नयाँ समीकरणको खेल चलिरहेको छ । पार्टीभित्रको आन्तरिक विवादले कमजोर बन्दै गएका प्रधानमन्त्री ओली प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने अन्य राजनीतिक दलको समर्थनमा सरकारमा रहिरहने रणनीतिका कारण संसद बैठक औपचारिकतामा सीमित हुने गरेको छ । प्रतिनिधिसभाले काम गर्न नदिएको भन्दै पुस ५ गते संसद विघटनको निर्णय लिएका प्रधानमन्त्री ओली संसद पुनर्स्थापना भएर संसदले खै के गर्‍यो ? बरू चुनावमा जाने मेरो निर्णय नै सही थियो भन्ने देखाउन खोजिरहेका छन् । सार्वभौम संसद नेपाली जनताको प्रतिनिधि थलो हो । यसलाई प्रभावहीन बनाउनुको अर्थ मतादेशको अपमान गर्नु हो । संसदमा थुप्रै विधेयकहरू विचाराधीन छन् । मुलुकको कर्मचारी प्रशासन हाँक्ने संघीय निजामती ऐन बन्न ढिलाइ भइरहेको छ । संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा वर्षौंदेखि अड्किएको सो विधेयकलाई अघि बढाउन सरकारी पक्ष उदासिन देखिएको छ ।

नागरिकता लगायत दर्जनौं विधेयकहरू अलपत्र अवस्थामा छन् । नागरिकता विधेयक टुंगो नलाग्दा हजारौं नेपालीहरू नागरिकताविहीन अवस्थामा छन् । संसदको कार्य कानुन बनाउने हो, जसलाई सरकारले कार्यान्वयन तहमा ल्याउने गर्छ । संघीय संसद नै जब कानुनहरू निर्माणमा निष्क्रिय बस्छ भने संघीयता कसरी अघि बढ्न सक्छ ? अहिले पनि केन्द्र र प्रदेशबीच कयौं अधिकारका विषयमा विवाद छ । जबसम्म संसद सक्रिय हुँदैन र विचाराधीन विधेयकहरू पारित हुँदैनन्, यसको असर स्थानीय निकायसम्मै पुग्छ र संघीयता नै धरापमा पर्ने खतरा हुन्छ । यसर्थ संसदलाई प्रभावकारी बनाउन जरूरी छ ।

# कतै गणतन्त्र र गाईजात्रा परिपुरक हुने त होइन ?



**सुरेन्द्र ढकाल**

ओलीको नेकपा एमालेलाई नेपाल कमेडी पार्टी र प्रचण्डको नेकपा माओवादी केन्द्रलाई नेपाल कम्फर्टेवल पार्टी भनेर जनताले भन्न थाल्नुले नै नेपाली राजनीतिले गाईजात्रालाई उछिनेको प्रमाण हो ।

संविधानमा व्यवस्था नै नभएको अधिकार प्रयोग गरी संसद भंग गर्दा मान्छेले त्यसलाई गाईजात्राको उच्चतम उदाहरण भनेका थिए । त्यो गाईजात्रालाई अदालतले सच्याइदियो । एउटा गाईजात्रालाई सच्याउने अदालतले नेकपा भन्ने दल नै कोही अर्कै कट्टेल नामधारीको हो भनेर मरेर कृयासमेत गरिसकेको नेकपा एमाले र माओवादी केन्द्रलाई जीवित बनाइदिँदा अर्को गाईजात्रा मञ्चन हुन पुग्यो ।

थ्रेसहोल्ड कटेका दलमात्रै राष्ट्रिय दल मानिने र थ्रेसहोल्ड नकटेका दल संसदमा उपस्थित नै भए पनि स्वतन्त्र सांसदको हैसियत पाउने कानुन कार्यान्वयन भइरहेको परिप्रेक्ष्यमा न संसद न सडक कहीँ नभएको दललाई

**थ्रेसहोल्ड कटेका दलमात्रै राष्ट्रिय दल मानिने र थ्रेसहोल्ड नकटेका दल संसदमा उपस्थित नै भए पनि स्वतन्त्र सांसदको हैसियत पाउने कानुन कार्यान्वयन भइरहेको परिप्रेक्ष्यमा न संसद न सडक कहीँ नभएको दललाई सर्वोच्चले दल मानी फैसला गर्दा डवल नेकपाको हविगत हुन पुग्यो । यस्तो गाईजात्रा संसारमा कहीँ हेर्न पाइन्छ ?**

सर्वोच्चले दल मानी फैसला गर्दा डवल नेकपाको हविगत हुन पुग्यो । यस्तो गाईजात्रा संसारमा कहीँ हेर्न पाइन्छ ?

राजनीतिलाई गाईजात्रा बनाउन जति राजनीतिक दलहरू र सर्वोच्च अदालत लाग्यो, निर्वाचन आयोग मात्रै के कम यसले पनि आफ्नै ढाँचाको गाईजात्रा देखाइदियो । उसले आफ्नो निर्वाचन कानुन र नियमावलीअनुरुप दलको नाम र झण्डा कसले पाउने भन्ने पहिले गलत निर्णय गर्‍यो र पछि निर्णय नै गर्न नसकेर अल्छि गरेर बस्दा प्रजातन्त्रलाई गाईजात्रा बनाउने कार्यमा निर्वाचन आयोग झनै माहिर देखियो । अहिले माधव र ओली एमाले मेरो हो भनेर 'टग अफ वार' गरिरहँदा निर्वाचन आयोग मस्त निदाइरहेको छ ।

आआफ्ना पक्षधर सांसद र केन्द्रीय समिति सदस्य लिएर आऊ, आयोग सनाखत गरी निर्णय लिन्छ भन्न सकिरहेको छैन । गाईजात्रामा कसैले बोलेर कसैले नबोली हसाउँछन् भनेको यही हो । राजनीतिक दल र संवैधानिक आयोगले देखाइरहेको गाईजात्राको मज्जा भने सबैभन्दा बढी राजावादीहरूले लिइरहेका छन् ।

आफूले बनाएको संविधानको आफैं धज्जी उडाउने ? लाज लाग्दैन भन्दै पूर्व राजा ज्ञानेन्द्रले ब्यंग्य गर्दा गाईजात्रा झनै रोचक हुन पुगेको छ । यता सबै गाईजात्रा मञ्चन गर्नमा ब्यस्त भइरहेको बेला नेपाली सेना भने घोडेजात्राको तयारी गर्दै छ । उसलाई रासन पचाउन पाए पुग्छ । देशमा राजनीतिक गाईजात्रा मञ्चन भइरहँदा यसले सुनेको नसुनै र देखेको नदेखै गरिरहेको छ । मानौं यसका लागि घोडेजात्राभन्दा ठूलो महत्वपूर्ण अन्य कार्य हुनै सक्दैन । देश जतासुकै जाओस् सेनालाई के मतलव ? पुग्यो घोडजात्रा मनाउन पाए ।

हिजो पंचायतकालमा राजाले प्रधानसेनापतिलाई फुली लगाइदिन्थे त्यो आएर प्रजातन्त्रकालमा प्रधानमन्त्री, रक्षामन्त्री हुँदै रक्षा सचिवले फुली लगाइदिँदा समेत प्रधानसेनापति चुपै लागेर बस्छन् भने त्योभन्दा ठूलो गाईजात्रा अरु के हुन सक्छ । के आशा गर्नु यस्तो सेनाबाट ?

बर्माका सेनालाई देखेर नेपाली सेनालाई त अचम्म लाग्दो होला कसरी बर्माका सेनाले देशको प्रशासनलाई आफ्नो हातमा लिने आँट गर्‍यो होला भनेर । ओलीले गरेको गाईजात्रालाई राष्ट्रपति भण्डारीले समर्थन गरिरहँदा अझ सबैभन्दा ठूलो गाईजात्रा उनैको भएको छ । नेपालको पहिलो महिला राष्ट्रपति तर सामाजिक सञ्जालमा भाइरल भइरहेको उनको गाईजात्रा कसले हेरिदेओस् ? सशस्त्र क्रान्ति अनि जनगणतन्त्रको कार्यदिशा बोकेर बम पड्काउँदै हिँडेका कारण भूमिगत बसिरहेका विप्लव एकाएक बालुवाटारमा टुप्लुक्क देखिँदा त्यो त गाईजात्राको पनि क्लाइमेक्सै भयो भन्ने कम छैनन् । त्यही आधारमा अब रेशम चौधरीलाई रिहा गर्नुपर्छ अनि त्यसले विप्लवले देखाएको गाईजात्रालाई पनि फिका बनाइदिन्छ होला । यस्तै हुन्छ राजनीतिले गाईजात्रालाई उछिन्दा । कतै गणतन्त्र र गाईजात्रा परिपुरक हुने त होइन ?

# सत्ता समिकरणमा देखिएका शर्तहरू



**गोविन्द विक**

**राजनैतिक दलभित्र अपराधिक झुन्डहरूको भीड बढ्दै जानु र ती अपराधिक क्रियाकलापमा मुछिएकाहरूलाई छुटाउन दलका उच्च तहबाट नै पहल सुरू हुनु खेदपूर्ण कार्य हो ।**

सत्तासिन राजनैतिक दल नेपाल कम्युनिष्ट पाटी (नेकपा) लाई सर्वोच्च अदालतले बैधानिकता नदिएपछि नेपाली राजनीतिमा अहिले सत्ता समिकरणको पेचिलो कसरत भइरहेको छ । अदालतले तत्कालिन एमाले र माओवादी केन्द्रलाई पहिलाकै अवस्थामा फर्काइदिएपछि सत्ता गठबन्धनका लागि संसदमा रहेका मुख्य दलहरू कसरी कसको नेतृत्वमा गठबन्धन बनाउने भन्ने विषयमा केन्द्रीत भएका छन् ।

नेकपा दल हुँदाको बखत एमालेका माधव नेपाल, झलनाथ खनाल, भिम रावललगायतका नेता एमालेभित्र नै सुरक्षित अवतरणको खोजी गरिरहेका छन् भने माओवादीका नेता रामबहादुर थापा 'बादल', टोपबहादुर रायमाझीलगायतका नेता एमालेमै प्रवेश गर्ने कि माआवादीमा फर्किने दुविधामा देखिएको परिपेक्षमा एमाले पहिलो दल भए तापनि सरकार बनाउन कुनै न कुनै दलको साथ आवश्यक छ ।

एमालेसँग १२० सिट मात्र छ भने माओवादीसँग ५३, समाजवादी सँग ३४ र कांग्रेससँग ६५ सिट छ । यीमध्ये कुनै एक दलसँग गठबन्धन गरेमा एमालेको नेतृत्वमा सरकार बन्न सक्ने अवस्था छ । यदि एमाले बाहिर रहने हो भने गठबन्धनको समस्या झन् पेचिलो बन्न सक्ने देखिन्छ ।

सत्ता गठबन्धनका लागि कांग्रेस तथा समाजवादी दलहरूले प्रधानमन्त्री केपी ओलीसँग विभिन्न सौदाबाजी गरिरहेका छन् । दलहरूले विभिन्न सर्तहरू अगाडि सारिरहेका छन् गठबन्धनका लागि । यसरी सत्ता गठबन्धनका लागि सर्त राख्ने क्रममा जनजीविकाका सवाल मुलुकको विकास जनताको समृद्धि परिवर्तनका मुद्दाहरू आम जनताले भोग्दै आएका बहुआयामिक समस्याहरू शिक्षा स्वास्थ्यको सुदृढीकरण भन्दा पनि जेलमा परेका आफ्ना नेताको रिहाइ, फौजदारी अभियोग ठहर भएर जेल भुक्तान गरिरहेका आफूइतरका कार्यकर्ता आफ्ना कार्यकर्ता तथा नेतामाथि लागेको विभिन्न अभियोग मुद्दा फिर्ताका सवालहरू अगाडि ल्याउनु गलत अभ्यासको नजिर स्थापित भइरहेको छ ।

सत्ता गठबन्धनका लागि समाजवादी दलले अभियुक्त रेशम चौधरीलाई छोडनुपर्ने शर्त राखेको समाचार बाहिर आइरहेको छ । त्यस्तै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले अधियुक्त आलमलाई छुटाउने प्रयास गरिरहेको सार्वजनिक अभिव्यक्ति नै दिएका थिए । यसले पनि के देखाउँछ भने दलहरू अपराधमा मुछिएका व्यक्तिहरूलाई संरक्षण गर्नका लागि हदैसम्मको शर्त राख्न पछि परेका छैनन् ।

सत्ता गठबन्धनमा समस्या भइरहेको र प्रधानमन्त्री पद जोगाउनकै लागि भए पनि ओलीले समाजवादी र कांग्रेस इतरका अभियुक्तहरूलाई छोडिदिने आम माफी दिने सर्तमा हस्ताक्षर गर्न बेर छैन । राजनीतिमा जे पनि हुन्छ भन्ने आभास भइरहेको बेलामा यो कुनै नौलो विषय त हैन तर पनि राजनैतिक दलभित्र अपराधिक झुन्डहरूको भीड बढ्दै जानु र ती अपराधिक क्रियाकलापमा मुछिएकाहरूलाई छुटाउन दलका उच्च तहबाट नै पहल सुरु हुनु खेदपूर्ण कार्य हो ।

व्यक्तिहत्या जस्ता अपराधमा मुछिएकाहरूलाई छुटाउने शर्त हैन मुलुक र जनताको जीवनमा समृद्धि ल्याउने सर्तहरू राख्नु पर्दछ । जब जब सत्ता समिकरणका लागि दलहरूबीच छलफल हुन्छ अनि विभिन्न शर्तहरू अगाडि ल्याउने गरेका थुप्रै नजिरहरू छन् । सरकारको नेतृत्व गर्ने दललाई समर्थन गर्ने दलले थुनामा परेका आफ्ना कार्यकर्ता रिहाइ विभिन्न मुद्दामा मुछिएका आफ्ना नेताहरूलाई आम माफी दिने शर्तहरू अगाडि ल्याइन्छ । यस कार्यबाट के देखिन्छ भने राजनैतिक दलहरू नै अपराधमा मुछिएकाहरूको संरक्षणमा खुलेर लाग्नुले दलहरूप्रतिको विश्वास घट्दै जाने अवस्था सिर्जना हुँदैछ ।

समाजमा बढ्दै गरेका दन्डहिनता रोक्न समस्या हुनुमा पनि राजनैतिक दलहरूको संरक्षण हो । दलहरूले नै अपराधीकरणको कुनै न कुनै वहानामा जोगाउने गरी व्यवहार गर्ने गरेको दृष्यहरू छरपष्ट छन् । राजनैतिक दलहरूले कुनै पनि अपराधिक क्रियाकलापमा मुछिएका नेता तथा कार्यकर्तालाई छुटाउने पहलमा लाग्नुभन्दा पनि राजनैतिक दलभित्र नै अपराधिकरण सफा गर्नेतर्फ दलहरूको पहल रहन आवश्यक छ ।

# मानव बेचबिखन तथा तस्करीको आधुनिक रुप-२

**– राकेश प्रसाद चौधरी**

नेपालको हिमाली र पहाडी क्षेत्रबाट अत्याधिक महिला तथा बालबालिका एवं तराईको क्षेत्रबाट अत्याधिक बालक तथा पुरुष तस्करी भई भारतीय निकृष्ट श्रम बजारमा पुग्ने गरेका छन् ।

नेपालमा हराएका बालबालिका तथा महिला, पुरुषमध्ये बढीमा ५० प्रतिशत मात्र फेला पर्ने गरेको विभिन्न अध्ययनहरूले देखाएको छ । हराएकामध्ये थोरै ब्यक्तिको उद्धार भारतबाट हुने गरेको पाइन्छ । त्यही नेपालमा तस्करी एवं बेचबिखन भई आएका भारतीय, बाङ्गलादेशी, बर्मेलीलगायतका बिदेशी नागरिकबारे अध्ययन हुन सकेको देखिँदैन भने नेपालमै नेपालीको बेचबिखन एवं अन्तरजिल्ला मानव तस्करीबारे धेरै अध्ययन हुन बाँकि छ ।

बैदेसिक रोजगारका लागि २०५० सालबाट हालसम्म झण्डै ५० लाख मानिसले श्रमस्वीकृति लिइसकेको बुझिन्छ । अहिले झण्डै बार्षिक ७ लाख ५० हजार मानिसले श्रमस्वीकृति लिन थालेको राष्ट्रिय मानवअधिकार आयोगको अध्ययन प्रतिवेदनमा उल्लेख छ । भारतबाहेकको देशमा काम गर्न श्रमस्वीकृति लिने गरिन्छ । कोभिड१९ को महाप्रकोप शुरु भएपछि भारतबाट नेपाल फर्किनेमा बेचिएका र तस्करी भएकाहरू समेत थिए ।

तर तथ्यांक राख्न स्थानीय, प्रदेश एवं संघीय सरकारले खासै बास्ता नै गरेनन धेरै श्रमिक निकृष्ट श्रमबजारबाट मुक्ति भएको अनुभव गरिरहेका थिए । देशमै रोजगारी श्रृजना नभएपछि तस्करी भई पुगेका निकृष्ट श्रमबजारमा पुनः ती मानिसहरू राजीखुशी नै भारत प्रवेश गरिसकेका छन् । यसरी श्रम, रोजगारका लागि बाध्यतावश बेचिन बाध्य हुनेहरूको तथ्यांकसम्म कसैले संकलन गर्न सकेको देखिएन ।

सीमानाकामा ब्यबस्थित गर्नुभन्दा अवैध ओहरदोहरलाई दुबै देशका सुरक्षाकर्मीले मौन स्वीकृति दिएका छन् । अर्को दुबैदेशका सरकार यो अवैध आवागमनमार्फत हुने तस्करी र मानव बेचबिखनको घटनालाई कम प्राथमिकतामा राखेको देखिएको छ । बाध्यतावश तस्करको चुंगलमा परेर अमेरिका, युरोपसहितका देशमा आधुनिक दास बन्न चाह्नेहरूको कथा नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोको आधिकारिक समाजिक संजालको पृष्ठमार्फत पढ्न सकिन्छ । त्यस्तै ब्यूरोले दैनिक जसो मानव बेचबिखन र तस्करीबिरुद्धको घटना र अनुसन्धानबारे सूचना प्रकाशित गर्दै आएको छ । अधिकांश घटनामा पीडकको सही बिवरण आउन सकेको हुँदैन ।

सुरक्षाकर्मी एवं गैरसरकारी संस्थाहरूमार्फत हुने उद्धारपछि न्यायका लागि पीडितपक्षले उजूरी दिनेको संख्या समेत न्यून छ । देशभरबाट बर्षेनि तीन/चारसय उजूरीमात्र प्रहरीमा आउने गरेको देखिन्छ । पीडित महिला, पुरुष अथवा बालबालिकाले मुख्य पीडकको यकिन गर्न नसक्नु एवं अनुसन्धान र न्यायिक निकायबाट कुनै किसिमको सहायता प्राप्त गर्न नसक्नुले दोषी खुल्ला रुपमा बेचबिखन र तस्करीको संजाल चलाइरहेको पाइन्छ ।

देशभित्रै लागूऔषध, यौनजन्य, नक्कली नोट, हतियारसहितका अपराधभित्र मानव बेचबिखन एवं तस्करीको खोजिनुका साथै मनोरंजन, निकृष्ट श्रम, मानव अंगतस्करीसहितको क्षेत्रमा हुने गरेका मानव बेचबिखनको घटनालाई गंभिरताका साथ हेर्नु आवश्यक छ । त्यस्तै पीडितको न्यायमुखि बनाउन मानव बेचबिखन नियन्त्रण ऐन, बैदेसिक रोजगार ऐन, बाल अधिकार ऐनको बीचमा तालमेल हुनु आवश्यक छ । त्यस्तै वडास्तरमा मानवअधिकार प्रवर्द्धन समिति र स्वदेश एवं विदेशमा रोजगारी गर्न जाने एवं हराएका मानिसको तथ्यांक राख्न जरूरी छ ।

मानव बेचबिखन रोक्ने, दबाउने तथा सजाय गर्ने सम्बन्धि संयुक्त राष्ट्रसंघीय अन्तरदेशीय संगठित अपराध सम्बन्धि आलेख २००० पालेमो प्रोटोकल तथा आप्रवासी कामदार एवं तिनीहरूको परिवारको अधिकार संरक्षण सम्बन्धि महासन्धि १९९० को अनुमोदन भए पीडितपक्षले न्याय पाउने आशा गर्न सकिन्छ ।

*(मधेश दर्पण फिचर सेवा)*

# मैले देखेको १६२ औं विश्व पर्यटकीय स्थल

# टोकियो टावर

सुरेन्द्र ढकाल



टोकियो सहरबीच टोकियो टावर यस्तो देखिन्छ



बाहिरबाट हेर्दा टावरको दृश्यावलोकन बार्दली



टावरको दृश्यावलोकन गर्ने बार्दली



टावरको टुप्पाबाट हेर्दा टोकियो सहर यस्तो देखिन्छ



फुट टाउनभित्र रहेका पसलहरू



टावरको टुप्पामा पुग्ने भऱ्याङ



मित्र योको आबेसँग लन्च गर्दै सुरेन्द्र १५ मे २००६ मा



टावर ठडिएको ४ तले जग जसलाई फुट टाउन भनिन्छ

जोयोजी मन्दिर अवलोकन गरिसक्दा मध्यान्हको झण्डै १ बजिसकेको थियो। तत्पश्चात मित्र आवेले नजिकैको एक रेस्टुराँमा दिउँसोको खाना (लन्च) गर्न लगिन्। करिब १ घण्टा खाना खानमै बित्यो। तत्पश्चात् उनले मलाई जोयोजी मन्दिरकै पछाडि रहेको टोकियो टावर अवलोकन गर्न लगिन।

**टोकियो टावर**

खासमा टोकियो टावा भनिने यो टावर टोकियोमा रेडियो प्रसारणका लागि बनाइएको रहेछ। टोकियो सहरको शिवा कोएन जिल्लाको मिनाटो भन्ने ठाउँमा ठडिएको यो टावर पछि गएर टोकियो सहर दृश्यावलोकन गर्ने टावरको रुपमा रुपान्तरण हुँदै गएको रहेछ। झण्डै ३३३ मिटर अग्लो यो टावर जापानका अग्ला संरचनाहरूमध्येको एक रहेछ।

पेरिसको आइफिल टावरबाट उत्प्रेरित यो टावर सन् १९५८ मा बनेको रहेछ। यस टावरको आय भनेको पर्यटकहरूले काट्ने टिकट र टावरमा विभिन्न प्रसारण संस्थाहरूले राख्ने एन्टेना वापतको शुल्क रहेछ। त्यतिखेर नै झण्डै १० करोड पर्यटकहरूले त्यो टावरमा चढी टोकियो सहर अवलोकन गरिसकेको बताइँदो रहेछ। यो टावर पछि १९६१ मा टोकियो ब्रोडकास्टिङ सिस्टमको रेडियो टेलिभिजन दुवैको संयुक्त टावर बन्न पुगेको रहेछ।

टावरका मालिक हिसाकिचीले यो टावर बनाउनेबारे सोच्दा उनले न्यूयोर्कको ३८१ मिटर अग्लो स्टेट एम्पाएर विल्डिङभन्दा पनि अग्लो बनाउने योजना बनाएका रहेछन्। तर कोष र भनेजस्तो निर्माण सामग्रीको अभावमा उनको त्यो सपना पूरा हुन सकेको रहेनछ। पछि टावरको अग्लाईको आवश्यकता टोकियो रेडियो टेलिभिजनले ओगट्नुपर्ने क्षेत्रको ब्यापकतालाई आधार बनाइ ३३३ मिटर कायम गरिएको रहेछ।

निक्केन सेक्केइ लिमिटेड नामक इन्जिनियरिङ कम्पनीले निर्माण गरेको यो टावरले जापानको १९२३ को महाभूकम्प र त्यसको कारण आएको २२० किलोमिटर प्रतिघन्टाको आँधिबेहरी थेग्न सक्ने गरी बनाइएको रहेछ। हरेक दिन ४०० श्रमिकहरूले काम गरी ठड्याइएको यो टावरका लागि आवश्यक स्टिल र फलामहरू अमेरिका कोरिया युद्धताका प्रयोग भई अलपत्रमा परेका युद्धपोत (टैंक) हरू पगालेर बनाइएको रहेछ। जब सन् १९५८ अक्टोवर १४ का दिन ९० मिटर लामो एन्टेना ठड्याइयो, त्यसै दिनदेखि यो टावर विश्वका अग्ला संरचनाहरूमध्येको एक हुन पुगेको रहेछ।

आइफिल टावरभन्दा नौ मिटर मात्र कम यो टावर को कूल तौल ४ हजार टन रहेछ जबकी आइफिल टावरको कूल तौल जम्मा ३ हजार ३ सय टन मात्रै छ। त्यतिखेर ८४ लाख अमेरिकी डलर (२८ अरब जापानीज येन) को लागतमा बनेको यस टावरले सन २००० सम्म आउँदा १० अरब येन बैंक ऋृण तिरिसकेको बताइँदो रहेछ।

हरेक ५ वर्षमा पुनः पेन्टिङ गरिनुपर्ने यस टावरको सुरुको रंग सेतो भए तापनि पछि गुलाफि रंगमा पेन्ट गरिएको रहेछ। एक चोटि पेन्ट गर्दा २८ हजार लिटर रंग प्रयोग हुने रहेछ। यो टावर बनेको समयदेखि गणना गर्दा सबैभन्दा कम पर्यटकहरू यस टावरमा चढी दृश्यावलोकन गरेको भनेको सन २००० रहेछ। त्यो वर्ष मात्र विश्वभरिबाट आएका २३ लाख पर्यटकहरूले यो टावर चढेका रहेछन्।

टावरको जगमा रहेको चारतले संरचनालाई फुट टाउन भनिँदो रहेछ जसभित्र म्युजियम, रेष्टुराँ र सोभेनिरलगायत अन्य उपहार सामग्रीहरू बेच्ने पसलहरू रहेछन्। यहीँबाट टुप्पामा रहेको दृश्यावलोकन कक्षमा पुग्नको लागि ३ वटा लिफ्टको ब्यवस्था गरेको रहेछ जस्को लागि टिकट किन्नु पर्दो रहेछ।

लिफ्टबाट माथि चढेपछि दुई विभिन्न उचाइमा शहरको दृश्यावलोकन गर्ने कक्ष बनाइएको रहेछ। फुट टाउनको पहिलो तलामा रहेको आगमन कक्ष रिसेप्सन हलमा एक पटकमा ४०० जना जति मान्छे अटाउँछ भनिदो रहेछ। फुट टाउनको तेस्रो तलाको एक कक्षमा गिनिज बुक अफ वर्ल्ड रेकर्डमा उल्लेख भएका जापानीहरूको संग्रह गरिएको रहेछ। त्यही अर्को कक्षमा सन १९७० देखि लण्डनको मेडम टुसाण्ड जस्तै वाक्स म्युजियम रहेछ जहाँ जापानी पप कल्चरका नायकदेखि गायक विटल्स समूह हुँदै जेसस क्राइष्टसम्मका महिनका मूर्तिहरू रहेछन्।

फुट टाउनको चौथो तलामा ट्रिक आर्ट ग्यालेरी रहेछ जहाँ पर्यटकहरूले त्यहाँ रहेका पेन्टिङ र अन्य वस्तुसँग संवाद गर्न सक्ने बनाइएको रहेछ। फुट टाउनको छानामा बालबालिकाले चढ्ने मोटर, घोडा जस्ता कृत्रिम चिजहरू भएको बाल मनोरञ्जन पार्क रहेछ। लिफ्ट चढ्न नचाहनेहरूका लागि ६६० खुडकिला भएको भऱ्याङ रहेछ। पछि सन १९८९ तिर टावरमा रहेका पुरानो बत्तीहरूलाई विस्थापन गरी टावरको वरिपरि १७६ वटा फ्लड लाइटहरू जडान गरिएका रहेछन जस्ले साँझदेखि मध्यरातसम्म टोकियो टावरलाई झलमल्ल बनाउँदो रहेछ।

बत्तीको रंग ऋतुहरूको परिवर्तनसँगै परिवर्तन हुँदो रहेछ। टावरको फुट टाउनदेखि टुप्पासम्म अवलोकन गर्न हामीलाई झण्डै ३ घन्टा लाग्यो। टुप्पामा गई आधा घन्टा जति बसी चारैतिरबाट टोकियो सहरको फोटो खिची बाहिर निस्कँदा करिब ४ बजेको थियो। आवेले मलाई होटलमा लगेर छोडिदिइन्। साँझ रोपोंगीतिरै डुलेर बिताएँ।

# माले महासचिव सीपी मैनालीद्वारा प्रस्तुत तथा पारित राजनीतिक प्रतिवेदन

प्रिय सहयोद्धा कामरेडहरू !
क्रान्तिकारी अभिवादन !
सहभागी कमरेडहरूलाई बैठकमा हार्दिक स्वागत !!

## १. प्राक्कथन

स्मरण गरौं, हामीले गत सालको पुष ४-७ गते पार्टी सातौं केन्द्रीय कमिटीको बाह्रौं पूर्ण बैठक सफलताका साथ सम्पन्न गरेका थियौं। त्यसका निर्णयहरूको कार्यान्वयनको क्रममा झापादेखि काठमाडौं आउँदा बर्दिवासको कालापानी भन्ने स्थानमा २०७६ सालको फागुन १५ गते बाह्र बजेछेक परिवार सदस्यहरू सहित पार्टी महासचिव सवार कार दुर्घटनामा पर्‍यो। उक्त दुर्घटनाबाट महासचिव बाँचे पनि गंभीर घाइते भई केही दिन अस्पतालमा र आजका मितिसम्म घरमा बसी उपचार गर्नु परेकोले पार्टी-संचालनमा ब्यवधान उत्पन्न भयो।

२०७६ सालकै मंशीर (सन् २०१९ को डिसेम्वर) देखि नोवल कोरोना भाइरस अर्थात् कोविड-१९ को संक्रामक रोग मानव समुदायमा प्रवेश गरी महामारी बनेर विश्वब्यापी रूपमा फैलियो। त्यसको असर नेपालमा पनि आउने निश्चित भएपछि त्यसलाई रोक्नको निमित्त सरकारले २०७६ सालको चैत ११ गतेदेखि देशब्यापी रूपमा बन्दाबन्दी (लकडाउन) गर्ने र कडाइका साथ अन्य स्वास्थ सुरक्षात्मक उपायहरू अपनाउने नीति लियो। सरकार लकडाउन लगाउन हतारियो। अधैयतापूर्वक र योजनाहीन ढंगले लकडाउन लगाउदा ठूला शहरमा बसेका ग्रामिन क्षेत्रका नागरिकहरूलाई घरफिर्ता हुन ठूलो दुःख उठाउनु पर्‍यो। सरकारले बीच-बीचमा अवधि बढाउदै तीन महिनाभन्दा बढी राष्ट्रब्यापी बन्दाबन्दी लम्बियो। कोविड-१९ रोकथाम तथा उपचारका सामाग्रीहरू चीनबाट ल्याउने क्रममा ओम्नी इन्टरनेशनलसँग मिली घोटाला गरिदा रोकथाम र उपचारका साधनबाट बञ्चित भई जनताले दुख पाउनु पर्‍यो। सरकारको अब्यवस्थित कार्य र श्रमजीवी प्रति असंवेदनशीलताले गर्दा श्रमजीवी जनसमुदायहरूले लामो समयसम्म भोकमरीको शिकार हुनुपर्‍यो। भारत प्रवासबाट स्वदेश फर्किने प्रवासी नेपालीहरूको निम्ति सरकारले समयमै ब्यवस्थित ढंगले भित्र ल्याउने सुरक्षित ब्यवस्था नगरी १० गजामा रोकी राखेको हुनाले उनीहरूले ठूलो दुख पाउनुका साथै कोरोना संक्रमित समेत हुनु पर्‍यो।

त्यसपछि पनि देशका प्रभावित स्थानहरूमा स्थानीय बन्दाबन्दी, आइसोलेशन, क्वारान्टाइनम राख्ने तथा अन्य स्वास्थ-सुरक्षाका उपायहरू अपनाउने काम जारी रह्यो। केहीलाइ छोडी अधिकांश समुदायद्वारा संचालित क्वारान्टाइनहरू असुरक्षित, अब्यवस्थित तथा स्वास्थकर्मी एवम् स्वास्थ सामाग्री वा औषधीमूलोबाट अभावग्रस्त रहेका हुनाले तिनीहरू आफैं संक्रमण-केन्द्र, अन्याय-घर कालकोठरीमा परिणत भएका थिए। त्यस्ता क्वारान्टाइन केन्द्रहरू कैयौं नागरिकहरूको निम्ति मृत्युका सिंढी बने। यो सरकारको निन्दनीय गैरजिम्मेवारीपन थियो। त्यस महामारीबाट नेपालमा आज सम्ममा ३ हजार १२ जना ब्यक्तिको मृत्यु भइसकेको छ र २ लाख ७५ हजार संक्रमित भएका छन्।

आज सम्ममा विश्वका २१९ देश तथा क्षेत्रहरूमा कोविड-१९ फैलिएको छ। विश्वका ११ करोड, ९० लाख ६१ हजार ३५६ मानिस यसबाट संक्रमित भए। यसमध्ये ९ करोड ४५ लाख ५३ हजार ९२७ (कुल संक्रमितमा ७९.४१% सञ्चो भए; २६ लाख, ४० हजार ११९ (२.२%) को मृत्यु भयो र २ करोड १८ लाख ६७ हजार ३१० (१८.३६%) सकृय संक्रमित छन्, जसमध्ये ८९ हजार ९५४ (०.४%) गंभीर अवस्थामा छन् र बाँकी २ करोड १७ लाख ७७ हजार ३५६ जना (९९.६%) को अवस्था सामान्य छ। यत्रो मानवीय क्षति गर्ने कोविड-१९ जनजीवनलाई त्रस्त, अस्तब्यस्त र गरीवीग्रस्त बनायो, प्रत्येक देशको र विश्वकै अर्थतन्त्रलाई थला वसायो। यसको प्रहार र प्रभावबाट उठ्न मानव जातीलाई कैयौं बर्ष लाग्ने छ।

केही समय अघिदेखि सरकारले भारत, चीन, विश्व-स्वास्थ संगठनको सौजन्यबाट प्राप्त भैरहेको करिव २० लाख मात्रा कोविड-१९ को खोप सुरक्षा जोखिमको आधारमा वर्गीकरण गर्दै जनसमुदायलाई उपलब्ध गराउन थालेदखि भाइरस महामारीको त्रास धेरै हटेको छ। तर त्यसको अन्त्य भैसकेको छैन्। उपरोक्त दुबै कारणले गर्दा गत सालको मध्य फागुनदेखि आजसम्म नै पार्टी-कार्यमा सुस्ती आएको छ।

प्रिय सहयोद्धा कमरेडहरू ! बर्षदिन अघिदेखि जारी रहेको यस सुस्तीबाट जुर्मुराउँदै उठने उद्देश्यले सातौं केन्द्रीय कमिटीको १३ औं पूर्ण बैठक आयोजित गरिएको हो। यो सत्ताधारी पार्टी नेकपा (नेकपा) भित्रको २०७६ सालको आखिरीदेखि चर्को गरी सार्वजनिक रूपमा देखा पर्न थालेको मूलतः सत्ता, भागवण्डा र राज्य दोहन निम्तिको विवाद, द्वन्द र विभाजनले ल्याएको अस्तब्यस्तताको अवस्था हो। त्यसमाथि सरकारका विवादस्पद तथा गलत नीति, कार्य र शैलीबाट देशमा विद्यमान रहेका समस्याहरू बढ्दै, चर्कदै सृजना भएको आन्तरिक राजनीतिक संकट र अभूतपूर्व ढंगले भइरहेको विस्तारवादी तथा साम्राज्यवादी चलखेल तथा हस्तक्षेपबाट जनता र देशलाई निकास दिने कार्यमा अघि बढ्न ढिलो हुन थालेको अवस्था हो। यो गंभीर अवस्थालाई छिचोल्दै अघि बढ्नु आज पार्टी र सम्पूर्ण देशवासीहरूको दायित्व हो। यस भावनाका साथ बाधा-ब्यवधानहरूलाई नाघ्दै यस बैठकमा सरिक हुनुहुने सबै सहयोद्धा कमरेडहरूमा पुनः सम्मान र सलाम पेश गर्दछु।

२०७४ सालको आम चुनाव पछि देखापरेको सत्ताधारी पार्टी नेपाल कम्युनिष्ट (नेकपा) मार्क्सवादी सिद्धान्त, सही राजनीतिक कार्यदिशा र जनता एवम् राष्ट्रको सेवा गर्ने उद्देश्य एवम् संकल्पका साथ दुई घटक बीचको सही एकीकरणद्वारा बनेको पार्टी थिएन। त्यो फगत दुई घटक (नेकपा-एमाले र नेकपा-माओवादी केन्द्र) का दुई नेताको सत्तालिप्सा, गुट-भागबण्डा र राज्यकोषको दोहनको निम्ति ३ जेठ, २०७५ सालमा एकीकृत भएको कम्युनिष्ट नामधारी पार्टी थियो। अतः उक्त २ घटकको ३ फागुन, २०७४ मा भएको गठवन्धन र ३ जेठ, २०७५ मा भएको पार्टी एकीकरण पछि पनि आन्तरिक रूपमा द्वन्द बढे। सरकारले संविधानबाट प्राप्त गरेको सुरक्षित २ बर्षपछि तिनीहरू सार्वजनिक हुन थाले। द्वन्द उत्कर्षमा पुगे पछि यही २०७७ सालको पुष ५ गते प्रधानमन्त्री ओलीले संविधान विपरित संसद विघटन गरी २०७८ को बैशाखमा चुनाव गर्ने कदम चाले। यहाँ पार्टीका गतिविधीहरूलाई यस कदमको अगाडि र पछाडिको गरी २ खण्डमा प्रस्तुत गरिनेछ।

## २. कोरोना-कहरको अवधिमा त्यसको प्रतिकार गर्ने पार्टीको नीति

प्रिय कमरेडहरू !

वितेको करिव एक बर्ष (१२ चैत, २०७६ देखि) को अवधिलाई पार्टी नेतृत्वका कमरेडहरूदेखि लिएर सिंगो पार्टी-पङ्तिले नै कोविड-१९ को महामारी बिरुद्ध संघर्ष गर्न, यसबाट आफू, आफ्ना वरिपरिका ब्यक्तिहरू र मानव समाजलाई जोगाउन यथासक्य लगाएका छौं। यसरी काम गर्नको निम्ति पार्टी-केन्द्रले नै संगठनभित्र निर्देशन प्रवाहित गरेको थियो। सरकारले सबै पार्टीका जनशक्तिहरूलाई भाइरसको संक्रमण, रोगको उपचार र पीडितजन एवम् यसबाट उत्पन्न समस्याको ब्यवस्थापन गर्नको निम्ति परिचालन गर्ने नीति लिएन। तर त्यसो गरिनु आवश्यक थियो। यो उद्देश्य प्राप्तिको निम्ति आफ्नै जनशक्ति परिचालन गर्दै स्वतन्त्र अभियान संचालन गर्न हाम्रो निम्ति संभव नभएको अवस्थामा पार्टी-केन्द्रले सबै पार्टी-सदस्यहरूलाई विज्ञ-विशेषज्ञ र सरकारले दिएका निर्देशन र सुझाव पालन गर्दै नोवल कोरोना भाइरसबाट जोगिन, अरुलाई जोगाउन र बिभिन्न कारणवश यस महामारीबाट प्रभावित र पीडित बन्न पुगी मद्दतको आकांक्षी बनेका जोकोहीलाई पनि तत्परताका साथ आवश्यक सहयोग गर्न प्रेरित गरेको थियो। यस अनुसार देशका बिभिन्न भागमा उनीहरूले आफूसक्तो काम गरेका छन्। यो बैठक, जोखिम मोलेर भए पनि महामारीबाट प्रभावित र पीडित-जनहरूलाई धेरथोर जति होस्, आफूसक्तो सहयोग गर्नुहुने कमरेडहरूलाई सम्मान र सलाम गर्दछ।

हामीले आत्म-समिक्षा पनि गर्नुपर्छ, बिभिन्न अनुलंघनीय कारणवश वा कहीं र कतिपय बेला हामीले अनुचित आत्म-सुरक्षाभाव वा जिम्मेवारी-वोधको कमी वा पहलकदमी या सृजनशीलताको कमी वा अनुदारता वा बोधो-सम्वेदनशीलता आदिका कारण अरुको निम्ति गर्नैपर्ने वा गर्नसक्ने काम पनि नगरेका हौंला। यस्ता कमजोरी र त्रुटीहरूलाई आ-आफूले पत्तो लगाई आत्मशुद्धी गरौं। हामीलाई पनि जानकारी भएको छ, धेरै ठाउँमा पार्टीका नेता-कार्यकर्ता कमरेडहरूले कैयौं अभावग्रस्त ब्यक्तिहरूको निम्ति औषधी-मूलो, खाद्यान्न र राहत-सामाग्रीहरूको ब्यवस्था गर्नु भएको छ। यस्तो काम गर्ने सबै कमरेडहरूप्रति यो बैठक सम्मान प्रकट गर्दै सलाम गर्दछ।

यहाँ हाम्रो पार्टीको सन्दर्भमा ब्यक्तिगत ढंगले कमरेडहरूले गरेका साना तर राम्रा कामलाई प्रशंसा र प्रोत्साहन गरिएको हो। तर सरकारले गर्नुपर्ने, तर गर्दै नगरेका ठूला कामबारे हामीले केही नबोली हुँदैहुन्न। यस महामारीको प्रकोपले गर्दा रोजगारीको निम्ति भारत गएका मात्र नभई त्यही उद्देश्यले खाडी मुलुक र अन्य मुलुकमा गएका लाखौं प्रवासी नेपालीहरू स्वदेशमा फर्केर आए। यस क्रममा सरकारले उनीहरूलाई उचित र आवश्यक सहयोग गर्न सकेन नै, तर त्यसले संयोगले स्वदेश फिर्ता भएका लाखौं प्रवासी नेपालीहरूलाई यही टिकाउने कुनै पनि ब्यवहारिक योजना अघि सार्न सकेन। परिणामस्वरुप स्वदेश फिर्ता हुने प्राय सबै जना केही समय पछि पुनः विदेश नै लागेका छन्। यो दुर्भाग्यपूर्ण हो, सरकारले आफ्ना नागरिकहरूलाई देश विकासको कार्यमा जुटाउने एउटा ठूलो अवसरलाई गुमायो भने अर्कोतिर नेपाली जनतालाई निरन्तर विदेशिनु पर्ने बाध्यताबाट बाहिर निकाल्न सकेन; विगतदेखि वगिरहेका आँशु, पसिना र रगतका भेललाई रोक्न सकेन।

विश्वभर नै कोरोनाको कहर जारी छ। चीन, रुस, अमेरिका, ब्रिटेन, भारत आदि बिभिन्न देशले कोरोना-खोपको उत्पादन, प्रयोग, अनुदान-सहयोग र बिक्री-वितरण गर्न थालेका छन्। नेपाल सरकारले १४ माघ २०७७ देखि अतिजोखिम वर्गका नागरिकलाई खोप लगाउन शुरु गर्‍यो र अनुदानबाट प्राप्त खोप जनतालाई उपलब्ध गराइरहेको छ। र खोप खरिद गर्ने कार्यलाई पनि अघि बढाएको छ। विश्वमा खोपको राजनीति कृयाशील भएको छ; भारतले यसको निम्ति "क्वाड मुलुक"बाट ठूलो धनराशी लिने समाचार सार्वजनिक भएको छ। तेश्रो विश्वका धेरै देशमा कोरोना भाइरसको खोप कहिले उपलब्ध हुने हो, त्यसको यकिन छैन। अतः कोरोनाको महामारीको अन्त्य हुन अझै केही समय लाग्ने निश्चित छ। खोप प्रयोग भइरहे पनि नेपाल पनि कोविड-१९ बाट मुक्त भएको छैन। अतः यो बैठक यस बिशिष्ट अवधिमा नेकपा (माले) का हरेक नेता, कार्यकर्ता, सदस्य र समर्थक समेत सम्वेदनशील, जिम्मेवार, निस्वार्थ, विनयी र प्रतिबद्ध जनसेवक बन्न सकुन भनी प्रेरित गर्दछ; कोरोना महामारी बिरोधी नेपाली जनताको संघर्षमा नेकपा (माले) परिवारले विगत कालको भन्दा धेरै काम गर्नसक्ने अपेक्षा गर्दछ।

### ३.१. कोविड-१९ प्रतिकारको अवधिमा पार्टीलाई कृयाशील राख्ने कार्य

सहयोद्धा कमरेडहरू !

कोविड-१९ महामारीको प्रतिकारको गर्ने काम सरकारद्वारा शुरु (१२ चैत, २०७६) भैसकेपछि २०७७ को जेठ ११ र असार ३० गते आयोजित स्थायी कमिटीका भर्चुअल बैठकद्वारा विशेष निर्णय गर्दै यस अवधिमा पार्टीले गर्नु पर्ने कामको सम्बन्धमा जेठ १४ गते र साउन ३ गते परिपत्र जारी गर्‍यो। त्यस पछि पनि ४ पटक भौतिक रूपमा र ३ पटक स्थायी कमिटीका भर्चुअल (मेसेन्जर अनलाइन) बैठक गरिएका छन्। १६ असोजमा सम्पन्न स्थायी कमिटीको भौतिक बैठकको निर्णय अनुसार असोज १८ गते पोलिटब्युरोको भर्चुअल बैठक गरियो। उपरोक्त स्थायी कमिटी र पोलिटब्युरोका बैठकका निष्कर्शहरू अवगत गराउनको निम्ति अंश-अंश गरी असोज १८, १९, २० र २४ गते केकस कमरेडहरूसँग महासचिवका भर्चुअल बैठक सम्पन्न भएका छन्। यसरी ४६ जना केकस कमरेडहरूसँग महासचिवका पूर्ण वा आंशिक (प्राविधिक कारणले) बैठक सम्पन्न भएका छन्। विगत असोजको तेस्रो र चौथो हप्तामा सम्पन्न स्थायी कमिटी तथा पोलिटब्युरोका बैठक र केकस कमरेडहरू सँगको परामर्शको निचोडलाई लिएर पार्टी-केन्द्रले यही कार्तिक १ गतेका दिन पार्टीभित्र अपानि ७:२१ जारी गरेको हो। यस प्रकार पार्टी-केन्द्रले कोरोनाको कारण भौतिक बैठक गर्न संभव नभएको समयमा पनि स्थायी कमिटी र पोलिटब्युरोको भर्चुअल बैठक गरी पार्टीलाई मार्गदर्शन गर्ने र महासचिवले अंश-अंश गरी पार्टी केकस कमरेडहरूसँग सम्वाद कायम गर्ने कार्य भएका छन्।

पार्टी-केन्द्रले पार्टी परिचालनको सम्बन्धमा गरेका यस्ता प्रयत्नहरू सँगसँगै वाम सहकार्य अथवा कार्यगत एकताका काम र संघर्षलाई पनि अघि बढाउन भौतिक बैठक र योजना निर्माण गर्ने काम गरेको छ। भौतिक रूपमा भेला भई काम गर्न कोरोनाको कारण कठीन भएको हुँदा भर्चुअल बैठकमा सहभागी भई संघर्षको योजना बनाउँदै संयुक्त संघर्ष संचालन गर्ने काम पनि गरेको छ। त्यति मात्र नभई, देशको कम्युनिष्ट आन्दोलनलाई सही दिशामा अघि बढाउन अन्य कम्युनिष्ट पार्टी समुहहरू सँगको अन्तरकृयालाई पनि अघि बढाएको छ। हाल क्यानडामा बसी काम गर्ने क.शम्भु कट्टेलको पहल र संयोजनमा केही समय अघि मात्र "मार्क्सवादी एकता अभियान" नामक संगठनको निर्माण भएको छ। त्यसले आयोजना गर्ने वहुपार्टी जूम अन्तरकृया कार्यक्रममा पार्टीको तर्फबाट महासचिवले नियमित भाग लिनु भएको छ। यस्ता महत्वपूर्ण बैठक र कार्यक्रमबारे यहाँ संक्षेपमा उल्लेख गरिन्छ।

'मार्क्सवादी एकता अभियान'ले बिभिन्न राजनीतिक संगठनहरूको सहकार्यमा संलग्न दलहरूलाई सहभागी बनाई अहिलेसम्म अलग-अलग शिर्षकमा तीनवटा अनलाइन (जूम) अन्तरकृया कार्यक्रम संचालन गरेको छ। त्यसले (१) २०७७ को असोज १० गते "मार्क्सवादी दृष्टिमा नेपालको संविधान" शिर्षकमा, (२) असोज १७ गते "राष्ट्रमा उत्पन्न समस्या र त्यसको निकास" शिर्षकमा र (३) कार्तिक १५ गते "नेपाली कम्युनिष्ट आन्दोलन र कार्यदिशा" शिर्षकमा ३/३ घण्टाको अन्तरकृया संचालन गर्‍यो। ती सबैमा सहभागी भई महासचिवले पार्टीका दृष्टिकोण र नीति प्रस्तुत गर्नुभयो। २०७७ सालको मंशीर २६ गते नेकपा (माले) सँग उक्त 'अभियान'बाट नेपाली कम्युनिष्ट आन्दोलनको निम्ति के गर्नुपर्ने अपेक्षा गरेको छ भन्ने सम्बन्धमा जूम अन्तरकृया गरियो। त्यसमा पार्टीको तर्फबाट पार्टीका अन्य नेताहहरू पनि सहभागी बन्नु भयो। यस कार्यक्रममा महासचिवले आज देशमा उत्पन्न राजनीतक संकटको निकास जनगणतन्त्रको स्थापना होइन, देशभक्त प्रगतिशील लोकतान्त्रिक शक्तिको राजनीतिक विकल्प र सरकार निर्माण हो; यो आमूल परिवर्तनवादी विकल्प नभएर अग्रगामी तात्कालिक विकल्प हो, जसको प्राप्ति जनमत र जनसंघर्षबाट गरिनेछ भन्ने पार्टी नीतिलाई स्पष्टरूपमा राख्नु भयो। यस्ता जूम अन्तरकृयाहरू देशका बिभिन्न कम्युनिष्ट पार्टी समूहहरूको चिन्तन र तात्कालिक कार्यनीतिबारे बुझ्न सहयोगी बनेका छन्। यसले तिनीहरूलाई सरकारका गलत नीति र कामको बिरुद्ध सहकार्य गर्न प्रेरित पनि गरेको छ।

सहकार्य गर्ने कम्युनिष्ट पार्टी समूह, तिनका मोर्चा र अन्य वाम राजनीतिक संगठनहरूको संख्या ११ बाट बढ्दै २३ वटासम्म पुगेको थियो। सहकार्य गर्ने राजनीतिक संगठनहरूको सकृयतामा विगत आश्विन २४ गते र कार्तिक २६ गते जूम मिटिङ भएका छन्। बैठकको संयोजन देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेलबाट भएको थियो र जूमको ब्यवस्थापन राष्ट्रिय जागरण मञ्चका अध्यक्ष गुणराज लोहनीले गरेका थिए। अहिले नै "वाम मोर्चा" बनाउने कि कार्यगत एकताकै नीतिको आधारमा काम गर्ने भन्ने र तत्काल संचालन गरिने संघर्षका कार्यक्रम तय गर्नको निम्ति ती बैठक गरिएका थिए। कार्तिक महिनाको ६ गते र मंशीर ७ गते संयुक्त विरोध कार्यक्रम सम्पन्न गरिए। पार्टीको तर्फबाट महासचिवले हाल सहकार्य वा कार्यगत एकताकै नीतिको आधारमा काम गर्ने मत राख्नु भयो। यसका साथै सहकार्यलाई ब्यवस्थित गर्नको निम्ति निश्चित मापदण्डको आधारमा सचिवालय गठन गर्ने, सचिवालयका सदस्य पार्टीहरूले आफू मध्येबाट दलको औपचारिक नामको वर्णानुक्रमको आधारमा निश्चित अवधिको निम्ति चक्रीय प्रणालि अपनाई वाम सहकार्यको संयोजक निर्वाचित गर्ने, आचारसंहिता निर्माण गर्ने, केन्द्रीय सरकारको बिरोध गर्ने साझा बिषयहरू निश्चित गर्ने र जिल्ला-जिल्लामा पनि त्यहाँ उपस्थित २२ संगठनहरूले केन्द्रीय साझा बिषयहरू र आफ्ना जिल्लाका साझा स्थानीय मुद्दामा संयुक्त बिरोध कार्यक्रम संचालन गर्ने सम्बन्धी मत पनि राखिएका थिए। मंशीर २४ गते सम्पन्न जूम बैठकले सचिवालय गठन गर्‍यो। साथै प्रधानमन्त्रीलाई ज्ञापन दिने लगायतका विरोध कार्यक्रम तय गर्‍यो।

उपरोक्त भर्चुअल कार्यक्रमका अतिरिक्त महासचिवले पार्टीको तर्फबाट अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका भर्चुअल कार्यक्रममा पनि भाग लिनुभएको छ : (**i**) महासचिवले २०७७ को असोज ५ गते "प्रगतिशील लेखक संघको ६९ औं बार्षिक उत्सव तथा पुरष्कार अर्पण समारोह"मा प्रमुख अतिथिको रूपमा भाग लिई मन्तब्य राख्नुभयो। (**ii**) यही असोज १४ गते "दक्षिण एशियाको एक्काइसौं शताब्दीको मार्क्सवादी अनुसन्धान संघ"को तत्वावधानमा आयोजित वेभसेमिनारमा महासचिव क.सी.पी.मैनाली र स्थायी कमिटी सदस्यद्वय क.कुमार बेलवासे तथा क.सुरेन्द्र ढकालले भाग लिनु भयो। त्यसमा चीनियाँ कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय विभागको समेत सहकार्य थियो। बिषय थियो : "कोविड-१९ को सम्बोधनको दृष्टिमा समाजवादको विकास।" यस बिषयमा महासचिव अँग्रेजीमा तयार गरिएको एउटा कार्यपत्रका साथ सहभागी हुनु भयो। (**iii**) "वंशजको नागरिक सदाको नेपाली नागरिक-महाअभियान"द्वारा १६ असोज, ०७७ मा आयोजित जूम अन्तरकृयामा सहभागी भई पार्टी धारणा राख्नु भयो। (**iv**) कार्तिक १६, २०७७ मा महासचिवले चीनियाँ कम्युनिष्ट पार्टीको अन्तर्राष्ट्रिय विभागद्वारा आयोजित चीन र नेपालका राजनीतिक तथा सरकारी नेता, वुद्धिजीवी र विज्ञहरू सहभागी रहेको "क्षेत्र र बाटोको पहल" शिर्षकमा आयोजित अन्तर्राष्ट्रिय सेमिनारमा भाग लिई 'डिजिटल रेशम मार्ग'को बिषयमा मन्तव्य राख्नुभयो। (**v**) अक्टुवर १०, २०२० (२४ असोज, २०७७) कोरियाली श्रमिक पार्टी स्थापनाको ७५ औं बार्षिकोत्सवको उपलक्ष्यमा 'इन्डोनेशिया-कोरिया साँस्कृतिक समिति'द्वारा इन्डोनेशियाको जार्कातामा आयोजित "स्वतन्त्रताको नीतिले सदा विजयी वनेको कोरिया" बिषयको वेभसेमिनारमा महासचिवले अंग्रेजीमा एउटा कार्यपत्र पठाई सहभागिता जनाउनु भयो।

उपरोक्त राष्ट्रिय र अन्तर्राष्ट्रिय वेभ-अन्तरकृया वा सेमिनारले नेकपा (माले) को प्रतिष्ठालाई उठाउन योगदान गरेका छन्।

प्रिय कमरेडहरू !

नेपाल सरकारद्वारा कोविड-१९ को प्रतिकार शुरु गरिए पछिको प्रारम्भिक कालमा स्थानीय पार्टी गतिविधिहरू ठप्पप्रायः भए। सरकारले लकडाउनको अवधि थप्तै जाने तर कोरोना प्रतिकार सम्बन्धमा अपेक्षित काम गरेन। बरु उल्टै राष्ट्रघाती एम्.सी.सी. सम्झौता पारित गर्ने र पार्टी बिभाजनलाई सहज बनाउने अध्यादेश (८ गते, बैशाख २०७७) लागु गर्ने प्रयत्न गर्‍यो। तिनी बिरुद्ध वाम सहकार्यद्वारा काठमाडौंमा मात्र होइन जिल्ला तहमा पनि बिरोध प्रदर्शन गरिए। यस्ता दुवै तहमा भएका संयुक्त बिरोध कार्यक्रममा नेकपा (माले) को सहभागिता रह्यो। यस कार्यमा काठमाडौं, ललितपुर र भक्तपुर, चितवन, कैलाली, प्युठान, दाङ, बाँके, बर्दिया, सुर्खेत, रुपन्देही, सिराहा, सुनसरी, झापा, पोखरा, उदयपुर आदि जिल्लाका कमरेडहरू कुनै न कुनै बिरोध-कार्यक्रममा सरिक भएका छन्।

केन्द्रीय नीति अनुसार संयुक्त बिरोधका राजनैतिक कार्यक्रममा कतिपय जिल्लाका कमरेडहरूले सकृयता लिएका भए पनि आधारभूत जनताभित्र गरिने पार्टी-कार्यहरू ठप्पप्रायः भएका छन्। कुनै पनि जिल्लामा गोरखा, दाङका अपवाद बाहेक पार्टीबाट कोही पनि विचलित भएको सूचना प्राप्त भएको छैन। तर राजनैतिक सकृयता अत्यन्त न्यून भएको छ, जसलाई हटाउन तत्कालैदेखि ठोस प्रभावकारी उपायहरू अवलम्बन गरिनै पर्दछ।

### ३.२. कोविड-१९ प्रतिकारको अवधिमा वाम दलहरू सागको सहकार्य

प्रिय सहयोद्धा कमरेडहरू !

स्थायी कमिटीले वाम दलहरू सँगको सहकार्य सम्बन्धमा १६ असोज २०७७ मा नीति निश्चित गर्‍यो। त्यसपछि असोज १८ गते पोलिटब्युरोको भर्चुअल बैठक र असोज १९, २० र २४ गते महासचिवद्वारा अंश-अंशमा गरिएका केकस कमरेडरु सँगका भर्चुअल बैठक सम्पन्न भए। यस प्रकृयाबाट स्थायी कमिटीले यस सम्बन्धमा निर्णय गरेको र अपानि ७:२१ (१ कार्तिक, २०७७) बाट जारी गरिएको वाम सहकार्य सम्बन्धी नीतिलाई यहाँ उद्धृत गर्नु प्रासाँगिक र आवश्यक ठानिएको छ।

त्यसमा निम्नानुसार भनिएको छ : "नेकपा (माले) ले २०७६ सालदेखि नै सत्ताइतरका वामपन्थी दल, समूह र व्यक्तिहरूसँग साझा बिषयमा सहकार्य गर्ने नीति लिदै र सहकार्यको निम्ति प्रयत्न गर्दै आएको कमरेडहरूलाई विदितै छ। हामीले गलत नागरिकता-नीतिको बिरोधमा, भारत सरकारद्वारा हुँदै आएको सीमा अतिक्रमणको र २०७६ को कार्तिक १६ गते पछि सुदूरपश्चिमको नेपाली ब्यास-क्षेत्र (लिम्पियाधुरा, कालापानी र लिपुलेक) कब्जाको बिरोधमा, एमसीसीसँग गरिएको राष्ट्रघाती संझौताको बिरोधमा र सरकारका अन्य जनबिरोधी कार्यको बिरोधमा ९, ११, १४, २० वा २३ वाम राजनैतिक संगठनहरूसँग सहकार्य वा कार्यगत एकता गरेको पनि सबैमा विदितै छ। यस्ता सहकार्यको न्यूनतम साझा उद्देश्य सरकार वा बिदेशी शक्तिका जनता तथा राष्ट्र बिरोधी नीति वा कामको बिरोध र भण्डाफोर गर्नु, गलत काम बिरुद्ध सरकारलाई दवाव दिनु र आफ्नो पक्षमा जनमत बढाउनु नै हुन्छन्। यी बाहेक हरेक दलका आआफ्ना उद्देश्य रहनु पनि अस्वभाविक होइन। (हामीले यसबाट तात्कालिक वैकल्पिक राजनैतिक शक्तिको निर्माण गर्ने हाम्रो कार्यनीतिक लक्ष्यको पनि सेवा हुने देखेका छौं।) यो वाम-एकताको प्रारम्भिक रुप हो। नेकपा (माले) यसलाई जारी राख्न प्रतिबद्ध छ।"

"वाम सहकार्य वा कार्यगत एकता पछि आउने वाम-एकताका अन्य रुप हुन् : वाम-मोर्चा र पार्टी एकीकरण। वाम-मोर्चा कुनै साझा लक्ष्यको प्राप्तिको निम्ति निर्माण गरिन्छ र नेपाली क्रान्तिका आधारभूत बिषयहरूमा सहमति भएको अवस्थामा (सम्वन्धित पार्टीहरू बीच) एकीकरण गरिन्छ। नेकपा (माले) को तात्कालिक लक्ष्य, ...... देशभक्त प्रगतिशील लोकतान्त्रिक वैकल्पिक शक्ति र त्यसको सरकार निर्माण गर्नु हो। अजेण्डा सहित यस तात्कालिक लक्ष्यमा सहमत हुने वाम लगायत सबै देशभक्त शक्तिहरूसँग नेकपा (माले) ले बृहद मोर्चा निर्माण गर्दछ। तत्काल जनगणतन्त्र स्थापना गर्ने कार्यनीति लिनु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थिति प्रतिकुल उग्रवामपन्थी भडकाउ भएकोले त्यसको निम्ति पार्टीले वाम-मोर्चा गठन गर्ने कुरै भएन। पार्टी एकीकरण त सम्बन्धित दलहरू बीच अझ धेरै आधारभूत बिषयहरू मिल्नु पर्ने कुरा हो। सम्बादको क्रममा संभावना विद्यमान रहेका भए उद्घाटित हुँदै जानेछन्। अहिले त्यस्तो संभावना देखिएको छैन।"

"नेपाली क्रान्ति अझै पनि नयाँ जनवादी क्रान्तिकै चरणमा छ भन्ने कतिपय कपा-समूहका नेपाली समाजको वर्तमान अबस्थाको मूल्याङ्कन सम्बन्धी कतिपय मत नेकपा (माले) सँग मिल्छन्। तर उनीहरूमध्ये कतिपय समूह चीनलाई समाजवादी देश मान्दैनन्, यसबाट अझै अघि बढेर चीनलाई साम्राज्यवादी देश भन्ने पनि देखिएका छन्; वस्तुस्थिति विपरित तत्काल जनगणतन्त्र स्थापना गर्ने कार्यनीति लिन चाहन्छन्; विश्वमा एउटै पनि समाजवादी देश छैन भन्ने मान्यता राखी परिणामतः समाजवादी चीन विरोधी अन्तर्राष्ट्रिय कम्युनिस्ट-केन्द्र गठनका पक्षपाती छन्; मार्क्सवादलाई नेपालमुखी बनाउन इच्छुक छैनन्, आदि। यी बिषयहरू अमुर्त सैद्धान्तिक बिषय मात्र नभएर नेपाली क्रान्तिसँग व्यबहारिक सरोकार राख्ने बिषय हुन। यस्ता बिषयबारे सहमति नभइकन उनीहरूसँग पार्टी एकीकरण त टाढाको कुरा, वाम-मोर्चा वा बृहद-मोर्चा समेत बनाउनु पनि क्रान्तिको निम्ति ठूलो राजनैतिक गल्ती गर्नु हुनेछ। यति हुदाहुदै पनि नेकपा (माले) उनीहरूसँग साझा बिषयमा सहकार्य वा कार्यगत एकता गर्नेबारे सहमत छ र रहनेछ। त्यतिमात्र होइन, यही असोज २४ गते सम्पन्न २० वाम संगठनको जूम बैठकले यी २० संगठनमध्ये जति संगठन जुन जिल्लामा हुन्छन्, उनीहरूले केन्द्रीय सहमति र स्थानीय साझा बिषयमा सहकार्य गर्ने निर्णय गर्‍यो। बैठकमा यो प्रस्ताव नेकपा (माले) ले राखेको थियो।...."

## ४. राष्ट्रिय राजनीतिक स्थिति

प्रिय कमरेडहरू !

अव प्रसङ्ग बदलौं। राष्ट्रिय राजनीतिको चर्चा गरौं। राष्ट्रिय राजनीतिको चर्चा गर्दा हामीले केही दिन अघिसम्म अस्तित्वमा रहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई केन्द्रमा राखेर चर्चा गर्नुपर्ने हुन्छ। किनकि यो पार्टी तत्कालिन नेकपा (एमाले) र नेकपा (माओवादी-केन्द्र) को निर्वाचन गठबन्धन (१७ असोज, २०७४) बाट प्रकृया शुरु भई ३ जेठ, २०७५ मा एकीकृत बनेको पार्टी हो। त्यस बेलादेखि सर्वोच्च अदालतकै निर्णयबाट विघटन (२३ फागुन, २०७७) भएको दिनसम्म सत्तामा रहेको पार्टी हो। विघटन पछि त्यो पार्टी २०७५ सालको जेठ ३ अघिको अवस्थामा फर्किएको छ, दुईटा पार्टी भएर पुनः नेकपा (एमाले) र नेकपा (माओवादी-केन्द्र) बनेर। डबल नेकपाको सरकार बनेपछि अन्य राष्ट्रिय पार्टीहरू पनि छायाँमा परे। यहाँसम्म कि प्रमुख प्रतिपक्षी पार्टी नेपाली काँग्रेसले पनि प्रमुख प्रतिपक्षी पार्टीको भुमिका देखाउन सकेन।

सत्तारोहणको शुरुका दिनमा डबल नेकपाबाट गरिएका अपेक्षाहरूबाट राष्ट्रिय राजनीति छाइन्थ्यो; २०७६ साल लागेपछि त्यस पार्टीका नेताहरूका भिन्नता, सत्तास्वार्थ र विवादहरू संचारमा आउन थाले। २०७६ सालको कार्तिक-मंसिरमा त्यस पार्टीका प्रथम अध्यक्ष केपी ओली (प्रधानमन्त्री) र द्वीतिय अध्यक्ष पुष्पकमल दाहाल बीच ३ जेठ, २०७५ मा गोप्यरूपमा भएको आधा-आधा अवधि प्रधानमन्त्री हुने सहमति बारेको विवाद उत्कर्षमा पुग्यो। मंशीर ४ गते नयाँ सम्झौता भयो- ओली पुरै अवधि प्रधानमन्त्री बन्ने र दाहालले पार्टीको कार्यकारी अध्यक्षको काम गर्ने। दुई अध्यक्ष बीच नयाँ सम्झौता भए पनि घाउ बल्झिरहयो, भित्री र बाहिरी दुवै ढंगले, विवाद पनि चलिरह्यो।

उनीहरू बीचको विवाद फेरि तव उत्कर्षमा पुग्यो, जव प्रधानमन्त्री ओलीले २०७७ को बैशाख ८ गते पार्टी बिभाजन र सम्बैधानिक परिषदको अधिकार, काम, कर्त्तब्य र कार्यविधि सम्बन्धी दुई अध्यादेश राष्ट्रपतिबाट जारी गराए। डबल नेकपा फुट्ने स्तरसम्म विवाद बढ्यो, चल्यो। सम्झौताका प्रयत्न भए; निकास खोज्ने 'कार्यदल' गठन भयो- वामदेव गौतमको संयोजकत्वमा। मिलापको संभावना बढिरहेको थियो। यही बेला भारत सरकारले कार्तिक २०७६ सालमा कब्जा गरेको नेपालको पश्चिमी ब्यासक्षेत्र (लिम्पियाधुरा, कालापानी र लिपुलेक) को भूमि भएर गुञ्जी-कालापानी हुदै लिपुलेकसम्मको करिव २८ किमी लामो कथित मानसरोवर जाने लिङ्क रोड बनाई आफ्नो रक्षामन्त्री राजनाथ सिंहबाट (२६ बैशाख, २०७७) उद्घाटन गरायो। त्यसको प्रतिकृयास्वरुप नेपाल सरकारले आफ्नो नक्सामा नराखिएको आफ्नो उक्त पश्चिमी ब्यासक्षेत्रलाई समेटेर नयाँ नक्सा प्रकाशित गर्ने नीति (२ जेठ, २०७७) घोषणा गर्‍यो; जेठ ५ गते क्याविनेट बैठकले नयाँ नक्सालाई स्वीकृत गर्‍यो र ७ गते जेठमा भूमिसुधार मन्त्रालयले उक्त प्रकाशित नक्सालाई सार्वजनिक गर्‍यो। प्रधानमन्त्रीले यसबारे संसदमा घोषणा गर्दा केही गैरकुटनैतिक अभिब्यक्तिहरू पनि आए। दक्षिणको छिमेकी सरकार र कतिपय संचार संस्थाहरूले प्रधानमन्त्री र नेपाल सरकारप्रति खुलेरै आफ्नो असन्तुष्टि र विरोध प्रकट गरे। केही समयपछि आदिकवि भानुभक्त जयन्तिमा श्रीराम, अयोध्या र भारतको "साँस्कृतिक अतिक्रम"बारे प्रम ओलीका अपरिपक्व अभिब्यक्तिहरू आए, जसप्रति भारतको जनस्तर वा सामुदायिक स्तरबाट पनि प्रधानमन्त्री ओलीको सार्वजनिक बिरोध र प्रधानमन्त्री पदबाट अपदस्थ गराउने धम्कीहरू आउन थाले।

यही क्रममा कार्यदलको सिफारिसमा २०७७ को भदौ २६ गते दुई अध्यक्षबीच औपचारिक संझौता हुने प्रस्ताव पार्टी बैठकले पारित गर्‍यो। तर बिरोध र कटुता समाप्त भएनन्। ती बढ्दै गए। बैठक गरेर समाधान गर्ने प्रयत्नहरू प्रधानमन्त्री ओलीको असहमतिले अघि बढेनन्। यही बीच द्वीतिय अध्यक्ष दाहालले आफ्नो तर्फबाट कार्किक २८ गते पार्टी सचिवालयको बैठक बोलाई त्यसमा १९ पन्ने प्रतिवेदन ("अभियोग पत्र"?) प्रस्तुत गरे। यसले विवादलाई अर्को पटक उत्कर्षमा पुर्‍यायो, जुन कहिल्यै तल झरेन। प्रधानमन्त्री ओलीले पार्टीबाट समय मागी मंशीर १३ गते त्यसको जवाफ लेखे- ३८ पानाको, जुन उनले बैठकमा पेश गरे। दाहालले पेश गरेको १९ पन्ने प्रतिवेदनमा यस्ता अभियोगहरू थिए, जसप्रति देशको कानुन/अदालत पनि आकर्षित हुनसक्छन्। अतः प्रम ओलीले दाहालद्वारा त्यसलाई फिर्ता लिइनुपर्ने निर्णायक शर्त राखे।

यही बीचमा देशमा विदेशी विशिष्ट ब्यक्तिहरूका निम्न महत्वपूर्ण भ्रमण भए। भारत सरकारको वाह्य गुप्तचरी संयन्त्रको प्रमुख सामन्त कुमार गोयलको नेपाल भ्रमण (५-६ कार्तिक, २०७७/२१-२२ अक्टोवर, २०२०), प्रधानमन्त्री ओली सँगको गुप्त वार्ता, भारतीय स्थलसेनाध्यक्ष मनोज मुकुन्द नरवाणेको नेपाल भ्रमण (२०-२२ कार्तिक, २०७७/५-७, नोभेम्वर, २०२०) र नेपाली सेनालाई प्रमुखता दिदै गरिएको उच्चस्तरीय भेटवार्ता तथा भारत सरकारको विदेश सचिव हर्षवर्द्धन श्रृंगलाको नेपाल भ्रमण (मंशीर ११-१२, २०७७/नोभेम्वर २६-२७, २०२०) र उच्चस्तरीय वार्ताले कटुतामा पुगेको नेपाल-भारत सम्बन्धमा सुधार ल्याउन खोजेको भए पनि भूमिकब्जा, सीमा अतिक्रमण र असमानताका अन्य पक्षमा वार्ता समेत उठेनन् र तिनमा कुनै तात्विक अन्तर आउने कुरै भएन। भारत सरकारको उक्त उच्च तहका पदाधिकारीको नेपाल भ्रमण र उच्चस्तरीय भेटवार्ता पश्चात् चीनबाट पनि उच्च वरियताका रक्षामन्त्री एवम् जनसेनाका जर्नेल वेइ फेङ्हेको एकदिने नेपाल भ्रमण (मंशीर १४, २०७७/नोभेम्वर २९, २०२०) र नेपाली सेनालाई प्रमुखता दिदै उच्चस्तरीय वार्ताहरू भएका छन्। यसले नेपालको भूराजनीतिक सम्वेदनशीलता बढेको कुरालाई नै प्रदर्शित गरेको छ। यस्तो अवस्थामा नेपालबाट विवेकपूर्ण सन्तुलन र राष्ट्रिय हित रक्षा प्रतिको स्पष्ट अडान एवम् नीति प्रदर्शित हुनु पर्ने थियो। यो काम ओली सरकारबाट भएन।

भारतीय एजेन्सी र'अका प्रमुख सामन्त कुमार गोयलको नेपाल भ्रमण र सार्वजनिक रूपमा प्रम ओलीसँगको भेट लगायत अन्य नेपाली पात्रहरूसँग नखुलाइएका भेट-वार्ता पछि डबल नेकपाका दुवै अध्यक्ष बीचको तिक्तता, विरोध, अविश्वास र टक्कर चुलिंदै गयो। यसबाट विदेशी शक्तिले डबल नेकपाका दुवै गुटलाई जुधाउनको निम्ति उचालेको प्रमाणित हुन्छ। प्रम ओलीले २०७७ को पुष ४ गते दिउसो दाहालको निवासमा गई गरेको संझौताको अन्तिम प्रयास पनि विफल भयो। यस पृष्टभूमिमा पुष ५ गते प्रम ओलीले प्रतिनिधिसभा विघटन गरी २०७८ को बैशाख १७ र २७ गते त्यसको निर्वाचन गर्ने कदम चाले।

प्रिय कमरेडहरू !

२०७७ साल पुष ५ गतेको प्रम ओलीको कदम, सत्ताधारी पार्टी भित्रको अन्धो गुटगत द्वन्द, त्यसमा प्रवेश गरेको विस्तारवादी विदेशी शक्तिको ओलीलाई सत्ताबाट हटाउने चलखेल र त्यही चलखेलको प्रेरणाको कारण दाहाल-नेपाल पक्षको सम्झौताहीन अडानले गर्दा संसदीय शासन-प्रणालीमा गरिएको असन्तुलित सुधारको क्रममा जन्मेको विकृतिको कारण वाध्यतावश गरिएको संविधानमा मूतिकृत नभएको कार्य थियो। पार्टी स्थायी कमिटीले २०७७ को पुष ६ गते त्यस कदमबारे निम्न दृष्टिकोण सार्वजनिक गर्‍यो। "ताजा जनादेश लिने गरी मौजुदा प्रतिनिधिसभा विघटन गर्ने प्रस्ताव तत्काल जनताद्वारा अनिच्छित, देशमा अवाञ्छित, जतातते आलोचित, संविधानका मर्मलाई बोक्ने कोशिस गरे पनि त्यसका लिखित प्रावधानहरूसँग मेल नखाने र ब्यापक जोखिमयुक्त प्रस्ताव हो। यसकारण नेकपा (माले) यसप्रति असहमति प्रकट गर्दछ।"

तत्पश्चात् प्रम ओलीको यस राजनैतिक कदमको विरुद्ध सर्वोच्च अदालतमा एक पछि अर्को 'रिट' पर्न थाले। स्वभावतः यो कदम अदालतको विचाराधिन बिषय बन्यो। यो संविधानको ब्याख्यासँग जोडिएको बिषय थियो र स्वभावतः सर्वोच्च अदालतको "सम्बैधानिक इजलास"ले हेर्ने मुद्दा थियो। सर्वोच्च अदालतको "सम्बैधानिक इजलास"लाई संविधानको ब्याख्या गर्ने अधिकार छ। यस्तो स्थितिमा पार्टीले पुष ५ को कदमबारे सर्वोच्च अदालतको "सम्बैधानिक इजलास"को निर्णयलाई नै अन्तिम मान्ने दृष्टिकोण लियो। पार्टी पुष ६ गतेको स्थायी कमिटीले तय गरेको दृष्टिकोणमा कायम रहँदै अदालतको अन्तिम निर्णयको प्रतिक्षामा रह्यो।

स्वभाविक रूपमा जव राजनीतिक प्रश्न उठ्छ, 'माले' विघटित संसदको पुनर्स्थापनाको कि त्यसको विघटन र ताजा निर्वाचनको पक्षमा ? हाम्रो जवाफ थियो, अदालतले उक्त कदमलाई सम्बैधानिक ठहर्‍याएको खण्डमा नेकपा (माले) ताजा चुनावको पक्षमा छ। किन ? किनभने, (१) त्यसले सत्ताधारी पार्टीका २ पक्ष बीचको द्वन्द (को सही ? को लोकप्रिय आदि) लाई सटीक निकास दिने थियो। (२) देश चुनावमा गए यो संविधानले सृजना गरेको विकृत यथास्थिति र त्यसले सृजना गरेका राजनीतिक, सामाजिक, आर्थिक, वर्गीय आदि द्वन्दहरूबारे जनमतको आधारमा निकास खोज्ने राजनीतिक/प्रजातान्त्रिक बाटो खुल्ने थियो। यस्तो बाटो खोल्न जति ढिलो हुन्छ, उति द्वन्दहरू गुम्फित हुदै विस्फोटित हुने दिशातर्फ बढ्नेछन्, जस्लाई देशका विभिन्न खाले अतिवादी शक्तिहरूले हिंसात्मक द्वन्द शुरु गर्न दुरुपयोग गर्न सक्छन्। यसलाई हस्तक्षेपकारी वाह्य शक्तिहरूले नेपालको बिरुद्ध सजिलै दुरुपयोग गर्नेछन्। नेकपा (माले) यथास्थितिवादी पार्टी होइन। यो वर्तमान संविधान-जनित विकृत यथास्थितिलाई सहेर बस्ने पार्टी होइन। फेरि यो पार्टी यथास्थितिको परिवर्तनको नाममा क्षत्रीय र अन्तर्राष्ट्रिय राजनीतिक संरचनाबाट कडा प्रतिवाद हुने आमूल परिवर्तनकारी निकासको पक्षमा पनि छैन, किनकि त्यसले यस क्षेत्रमा ठूलो द्वन्द निम्त्याउछ। यो पार्टी मूल्य-मान्यतायुक्त देशभक्त प्रगतिशील लोकतान्त्रिक अग्रगामी परिवर्तनको पक्षमा छ, जो अजेण्डा आधारित जनमत र जनसंघर्षद्वारा प्राप्त गर्न सकिन्छ। नेकपा (माले) वर्तमान स्थितिमा परिवर्तनको नाममा गरिने हिंसात्मक आन्दोलनको पक्षमा नभएकोले हिंसालाई हतोत्साहित गर्ने निर्वाचनको माध्यमको पक्षमा उभिएको हो।

नेकपा (माले) राजनीतिक रूपमा प्रतिनिधिसभाको पुनर्स्थापनाको पक्षमा थिएन। किन ? किनभने पुनर्स्थापित प्रतिनिधिसभाले संविधानले ल्याएको विकृत यथास्थितिलाई संरक्षण गर्थ्यो, जसरी अहिले गरिरहेको छ। त्यसले सत्ताधारी पार्टीको गुटगत द्वन्दलाई चर्काउथ्यो, जसरी त्यसो गर्न शुरुआँत भैसकेको छ। क.ऋषि कट्टेलको जायज मुद्दाबारे सर्वोच्च अदालतले जायज निर्णय गर्दा नेकपा (नेकपा) नाममा दर्ता गरेको पार्टी बदर हुने र त्यसका घटक पार्टीहरू एकीकरण अघिको अवस्थामा पुग्ने २३ फागुन २०७७ को सर्वोच्च अदालतको निर्णयले तिनीहरू बीचको द्वन्दलाई सहज निकास दियो, नत्र त्यो गुटगत द्वन्दले राष्ट्रिय राजनीतिलाई अनिश्चित समयसम्म गतिरोधमा राख्तथ्यो। संसद आफ्नो कार्यकालभरि रहने हो भने बीचमा पटक पटक बन्ने गठबन्धन सरकारहरू परिवर्तन भई देशमा राजनीतिक अस्थिरता छाउने छ। त्यस्तो अवस्थामा भ्रष्टाचार झन् बढ्ने गर्छ; वाह्य शक्तिहरूको चलखेल अझै बढी राष्ट्र झन कमजोर हुन्छ। अहिले यस्तै हुने खतरा देखिदैछ।

*(क्रमशः पेज ५)*

२०७७ को फागुन ११ गते सर्वोच्च अदालतले पुष ५ गतेको कदमलाई सम्वैधानिक देख्न सकेन अनि असंवैधानिक भएको ठहर गऱ्यो, र त्यसलाई सच्याउन संसदको पुनर्स्थापना गर्ने निर्णय गऱ्यो। त्यस निर्णयलाई नेकपा (माले) ले सम्मान गऱ्यो र त्यसको कार्यान्वयनलाई समर्थन गर्ने आफ्नो नीति अघि साऱ्यो। हामीले पुष ६ गते नै सर्वोच्च अदालतको निर्णयलाई अन्तिम मानी कार्यान्वयनमा जाने नीति सार्वजनिक गरेका थियौं। निर्णयको कार्यान्वयनको क्रममा जेजस्तो स्थिति आउँछ, त्यसको सामना गर्दै पार्टी राजनीतिलाई अघि बढाइनेछ।

प्रिय सहयोद्धा कमरेडहरू !

डबल नेकपाको नामको बिरुद्ध २०७५ मा परेको मुद्दामा सर्वोच्च अदालतको २३ फागुन २०७७ को निर्णयले डबल नेकपा नामको पार्टी दर्तालाई बदर गऱ्यो र त्यसका दुवै घटकहरूलाई पुनर्स्थापित गरिदियो। सबै जनप्रतिनिधिहरू आ-आफ्नो पार्टीमा फर्किनेछन्, नफर्किनेहरूको निर्वाचित पद रिक्त हुनेछ। नेकपा (नेकपा) को नामबाट निर्वाचित हुने जनप्रतिनिधहरूलाई स्वतन्त्र मानी उनीहरूलाई दुइमध्ये एक पार्टी रोज्ने अधिकार प्रदान गर्ने विधेयक पारित गरे उनीहरू सम्बन्धमा पनि कुनै समस्या रहदैन। सत्ताधारी पार्टीका दुइ गुटबीचको द्वन्दले यसरी प्राकृतिक निकास पाए पनि देशमा गुम्फित रहेका अन्य द्वन्दहरूले निकास पाएका छैनन्।

अहिले प्रम ओलीको सरकार उपरोक्त २ घटकको संविधानको धारा ७६ (२) बमोजिमको सरकार बनेको छ। माओवादी केन्द्रले सरकारको समर्थन फिर्ता लिए वा नेकाले सरकार विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरे, संसदद्वारा तिनीहरूबारे निर्णय गर्दै नयाँ सरकार बनाउने बाटो खुला हुनेछ। पुरै अवधि समय-समयमा परिवर्तन गर्दै गठबन्धन सरकार चलाउने कि मध्यावधि वा छिटो चुनावमा जाने ? दुई विकल्प मध्ये कुन बाटो दलहरूले लिने हुन्, त्यो निकट भविष्यमा नै स्पष्ट हुनेछ। यहाँ यसबारे रौं-चिरा विश्लेषण गर्नपट्टि लागिएन, किनकि समीकरण र संभावनाहरू छिट्छिटो बदलिरहेका छन्।

**५. अन्तर्राष्ट्रिय स्थितिमा भएका केही महत्वपूर्ण विकासहरू !**

प्रिय सहयोद्धा कमरेडहरू !

यही २०२० को नोभेम्वर पहिलो हप्ता (२०७७ को कार्तिक तेश्रो हप्ता) मा सम्पन्न संयुक्त राज्य अमेरिकाको निर्वाचनबाट डेमोक्राटिक पार्टीका जो बाइडेन र कमला ह्यारिसन राष्ट्रपति र उपराष्ट्रपति पदमा विजयी हुनु र जनवरी २०, २०२१ (माघ ७, २०७७) देखि उनीहरूबाट पदभार ग्रहण गरिनु एउटा अन्तर्राष्ट्रिय महत्वको बिषय बनेको छ। यद्यपि रिपब्लिकन पार्टीका पराजित उम्मेदवार, पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पराजयलाई अस्वीकार गर्दै अप्रजातान्त्रिक कृयाकलाप गरे/गराएकोले उनी महाअभियोगको निशाना समेत बन्न पुगे।

अमेरिकी उदारता विपरित संकीर्णता, एकलवाद, अन्धराष्ट्रवाद ("अमेरिका प्रथम" नीति), आप्रवासी, सीमान्तकृत, काला जनसमुदाय, महिला, यौनिक अल्पसंख्यक आदि विरोधी संकीर्ण नीतिका पक्षपोषक, पुँजीवादी संश्रयकारी देशहरूलाई समेत पेल्ने, समाजवादी चीनको विकासलाई रोक्ने-तोड्ने तथा त्यसप्रति सत्तापलट गर्ने शत्रुतापूर्ण नीति लागु गर्ने र दादागिरी देखाउँदै विश्वमा अमेरिकाको एकछत्र हैकम कायम गर्न चाहने ट्रम्प-राजनीतिको पराजय भएको छ। यसबाट विश्वले बढिरहेको वेचैनी र त्रासबाट क्षणिक रुपमै सही, राहत पाएको छ। नयाँ अमेरिकी नेतृत्वले विकसित पुँजीवादी देशहरू सँगको विगत ट्रम्पकालको तनावपूर्ण अमेरिकी सम्बन्धलाई सहज बनाउने, अमेरिकाका आप्रवासी लगायत अन्य उल्लेखित समुदायहरू प्रतिका नीतिलाई सुधार्ने, जलवायु परिवर्तन विरोधी पेरिस सम्झौता र विश्व-स्वास्थ संगठनमा पुन: प्रवेश गर्ने, इरानसँग गरिएको आणविक सम्झौताको पक्षमा फिर्ता हुने, परिवार नियोजन र मातृ तथा शिशु कल्याणकारी कार्यप्रति सहयोगी हुने जस्ता काम गर्न थालेको छ। यसबाट विश्व जनतामा केही राहत महशुस भएको छ। इरान, प्यालेष्टाइन, रुस, चीन लगायतका अन्य मुलुकहरू सँगको कटुतापूर्ण सम्बन्ध पनि सामान्यीकरण हुन सक्ने देखिएको छ। समाजवादी चीनले निर्वाचित नयाँ अमेरिकी नेतृत्वसँग वार्ता गर्ने इच्छा सार्वजनिक गरिसकेको छ। यसले विश्वमा तत्काल तनाव शैथिल्यताको वातावरण सृजना हुने अपेक्षा गर्न सकिन्छ।

अमेरिकी नयाँ नेतृत्वबाट माथि उल्लेख गरिए जस्ता तनाव शिथिलीकरणका केही कार्य भए पनि संयुक्त राज्य अमेरिकाको आफ्नो अतिमहाशक्तीय हैसियतलाई कायम राख्ने रणनीतिमा तात्विक परिवर्तन हुने अपेक्षा गर्नु गलत हुनेछ। प्रमुख प्रतिद्वन्दी समाजवादी चीनका उदयलाई रोक्ने अमेरिकी नीतिको सारतत्वमा केही परिवर्तन हुने छैन, यद्यपि सम्बन्ध सञ्चालन गर्ने विगतको अमेरिकी शैलीमा केही परिवर्तन अवश्य हुन सक्नेछन्। संयुक्त राज्य अमेरिकाले आफ्नो प्रभाव बढाउन पछौटे र विकासशील मुलुकहरूको पूर्वाधार निर्माणमा सहयोग गर्ने एम्.सी.सी.नामक कम्पनि खोलेको थियो र 'इन्डोप्यासिफिक रणनीति' लागु भए (सन् २०१७) पश्चात् त्यस (MCC) लाई यसको अभिन्न अङ्ग बनाइएको छ। त्यसमा कुनै परिवर्तन आउने छैन। अत: नेपालमाथि एम्.सी.सी.सम्झौता लाद्ने अमेरिकी नीतिमा परिवर्तन आउने छैन। एम्.सी.सी.सँग नेपालले सन् २०१७ को सेप्टेम्वरमा गरेको सम्झौतामा थप राष्ट्रघाती प्रावधानहरू घुसाइएका छन्। त्यसलाई नेपालको संसदबाट पारित गराई अमेरिका नेपाललाई आफ्नो इण्डो-प्यासिफिक रणनीति अनुरुप चलाउन चाहन्छ; आफ्नो चीन-विरोधी गुटमा सामेल गर्न चाहन्छ। साथै त्यस मार्फत् नेपालको युरेनियममाथि एकाधिकार कायम गर्न समेत चाहन्छ। अत: यसका निम्ति नेपालमा अमेरिकी सरकारका हस्तक्षेपकारी कृयाकलापहरू घटने छैनन्। यस्तो अवस्थामा त्यस सम्झौतालाई विरोध र अस्वीकार गर्ने नेपाली जनताको सजगता र संघर्षलाई जारी राख्नु आवश्यक छ।

अमेरिकी नयाँ नेतृत्वले "इण्डो-प्यासिफिक सुरक्षा रणनीति"लाई सकृयतापूर्वक लागु गर्नेछ; सैनिक सहकार्यको अन्तर्राष्ट्रिय संयन्त्र (संयुक्त राज्य अमेरिका, भारत, जापान र अस्ट्रेलिया रहेको) क्वाड (Quad) चीनलाई घेर्ने र तोड्ने उद्देश्यमा संचालित भइरहनेछ; चीनका 'कोमल स्थान'-तिब्वत, सिनचियाङ, हङ्कङ, मकाऊ एवम् ताइवान र रणनैतिक महत्वको दक्षिण चीन सागर आदिमा गडवडी मचाई मुख्य भूमि-चीनमा प्रहार गर्ने अमेरिकी कृयाकलापमा कमी आउने छैनन्; चीन वरिपरिका नेपाल लगायतका मुलुकहरूमा संयुक्त राज्य अमेरिकाले आफ्नो रणनीतिक, सामरिक र सैन्य प्रभाव वा उपस्थितिलाई बलियो बनाउने कार्य जारी राख्नेछ। त्यही क्रममा अमेरिका र त्यसका साझेदारहरूले नेपालको युरेनियमलाई एकलौटी दोहन गर्ने प्रयत्नलाई अघि बढाउने छन्। उपरोक्त उद्देश्य प्राप्त गर्नको निम्ति पश्चिमी साम्राज्यवादी शक्तिले नेपालभित्र उनीहरूका तावेदारहरू छान्ने, पाल्ने र हुर्काउने कार्य समेत गर्नेछन्; यहाँ सुक्ष्म व्यवस्थापन गर्नेछन्; सरकारलाई बाध्य पार्नको निम्ति आवश्यक परेको खण्डमा कुनै पनि खाले (जातीय, क्षेत्रीय, धार्मिक वा राजनीतिक) द्वन्द भड्काउने प्रयत्न पनि गर्न सक्छन्। अत: अमेरिकाका नयाँ शासकहरूका बोलिचालि र कार्यशैलीमा केही सकारात्मक परिवर्तन हुने वित्तिकै उनीहरूको संकीर्ण, शोषण-उत्पीडनकारी, प्रभूत्ववादी र युद्धखोर चरित्रमा नै परिवर्तन आए वा आउँनेछन् भनी भ्रममा पर्नु हुँदैन। संयुक्त राज्य अमेरिकाले चीन विरोधी द्वन्दमा भारतलाई उपयोग गर्ने नीति लिएको हुनाले नै त्यसले भारतलाई "इण्डो-प्यासिफिक सुरक्षा रणनीति"को साझेदार बनाई हिन्द महासागरीय क्षेत्रको प्रमुख शक्तिको मान्यता दिएको हो। २०२० को नोवेम्वरमा नयाँ दिल्लीमा आयोजित अमेरिका र भारतको 'दुई जोड दुई'को तेश्रो बैठकले 'बेका' (**BECA**) सम्झौता गरी भारतीय सेनाको मारक क्षमतालाई बढाएको छ। अमेरिका चीन र भारतको बीच युद्ध भड्काई एशियाली उदयलाई समाप्त पार्न, आफ्ना हतियार विक्री गरी धन कमाउन र विश्वमा प्रभूत्व जमाउन चाहिरहेको सचाइलाई हामीले विर्सनु हुँदैन। नेकपा (माले) भारत र चीन बीच युद्ध होइन, वार्ता, शान्ति, मैत्री, आदान-प्रदान र व्यापार बढेको हेर्न चाहन्छ।

अमेरिकाका यस्ता रणनैतिक र सामरिक कृयाकलापले समाजवादी चीनलाई पनि सर्तक बनाएको छ। समाजवादी चीनले आफ्नो प्रतिरक्षामा आफू वरिपरिका देशहरू सँगको आफ्नो रणनीतिक सहयोग र सामरिक सम्बन्धलाई बलियो बनाउने कदम चालेको छ। चीनले आफू जतिसुकै समृद्ध र शक्तिशाली भए पनि विश्वमा प्रभूत्व नचाहने, वहुध्रुवीय विश्वको सदस्य भएर बस्ने, शान्तिपूर्वक आफ्नो विकास गर्ने र कुनै हालतमा पनि आणविक हतियारको पहिलो प्रयोगकर्ता नहुने पटक पटक घोषणा गरेको छ। चीनले राष्ट्रपति सी चिङ फिङको पहलमा २०१३ सन्देखि "क्षेत्र र बाटोको पहल" (**BRI**) नामक पूर्वाधार निर्माणको महापरियोजना शुरु गरेको छ, जसद्वारा समानता, स्वतन्त्रता, पारदर्शिता र 'विन विन' नीतिको आधारमा सहभागी देशहरू लाभान्वित हुनसक्नेछन्। २०१७ मईदेखि नै नेपाल वी.आर.आई.मा सहभागी बनिसकेको छ, यद्यपि यसले यस अन्तरगतका कुनै पनि परियोजना कार्यान्वयन गर्ने पहल गरेको छैन। समाजवादी चीन वी.आर.आई. महापरियोजनाको कार्यान्वयन मार्फत् आफू सँगसँगै अन्य सहभागी देशहरूको समृद्धि बढाउन, सबै देशका राजनीतिक स्थिरता, स्वतन्त्रता एवम् सार्वभौमसत्तालाई बलियो बनाउन चाहन्छ। चीन यस महापरियोजनालाई कार्यान्वयन गर्दै विश्वमा समृद्धि र साझा भविष्य भएको मानव जातिको समाज निर्माण गर्न चाहन्छ। यो चीनको सुरक्षा होइन, आर्थिक विकास गर्ने राजनैतिक रणनीति हो।

प्रिय कमरेडहरू !

साम्राज्यवादी अतिमहाशक्ति संयुक्त राज्य अमेरिकाले २०१७ देखि अघि बढाएको हिन्द-प्रशान्त रणनीति (Indo-Pacific Strategy=IPS) सुरक्षा रणनीति हो। चीनले सन् २०१३ देखि क्रमिक रूपमा अघि बढाएको क्षेत्र र बाटोको पहल (Belt and Road Initiatives = BRI) नामक महापरियोजना समृद्धि र विकास प्रोत्साहित गर्ने आर्थिक राजनीतिक रणनीति हो। राजनैतिक चरित्र र उद्देश्य दुबैमा यिनीहरू बीच आकाश-जमीनको भिन्नता छ।

अघिल्लो, आई.पी.एस्.को चरित्र, सामरिक र सैनिक रणनीतिको चरित्र हो। यसले मुख्यत: अमेरिकाको सुरक्षा हितको रक्षा गर्ने र आफ्ना प्रतिद्वन्दीहरू, मूलत: उदीयमान समाजवादी चीनलाई रणनैतिक र सामरिक ढंगले घेर्ने, चीनको विकासमा अवरोध गर्ने, चीनमा विखण्डनकारी गतिविधिहरू बढाउने र अन्तत: चीनमा सोभियत संघमा झै सत्ता-पलट गराउने लक्ष्यप्राप्तिको निम्ति काम गर्छ। यसको उद्देश्य प्रतिद्वन्दी र बिरोधी देशहरूलाई आफ्नो प्रभाव र नियन्त्रणमा ल्याउने र गैरपुजीवादी, मूलत: चीन जस्तो समाजवादी देश वा व्यवस्थामा प्रतिक्रान्ति घटाई "संयुक्त राज्य अमेरिकाको अतिमहाशक्तीय साम्राज्यवादी हैसियतलाई रक्षा गर्ने" हो। आई.पी.एस्. संकीर्ण छ; राष्ट्रहरू बीच द्वन्द र गुटबन्दी बढाउने चरित्रको छ; यो अशान्ति, अस्थीरता र युद्धको पक्षपाती छ; यो रणनीति अन्य मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता र ब्यवस्था-छनौटको हक विरोधी छ; यो जनता र अग्रगमन विरोधी छ र सारत: यो प्रतिगमनको पृष्टपोषक रहेको छ। पछिल्लो, चीनको बी.आर.आई. महापरियोजना समृद्धि एवम् पूर्वाधार विकासको परियोजना हो; यसले सहभागी मुलुकहरूको शान्ति, समृद्धि, राजनीतिक स्थिरता, स्वतन्त्रता तथा सार्वभौमसत्तालाई दीगो बनाउने कार्य गर्दछ र यसले प्रत्येक मुलुकको ब्यवस्था-छनौटको अधिकारलाई सम्मान गदर्छ। यसको उद्देश्य सहकार्य र साझा विकासको क्रममा स्वेच्छापूर्वक र स्वतन्त्रताका साथ विश्वमा साझा भविश्य भएको मानव जातिका समुदाय निर्माण गर्नु हो। आई.पी.एस्. र वी.आर.आई, दुवैलाई उस्तै देख्नु ठूलो दृष्टि-दोष हो। दुवैले विश्वमा आ-आफ्नो मुलुक-अमेरिका वा चीनप्रति सद्भाव बढाउन चाहान्छन्। तर त्यसो गर्ने माध्यम एवम् तरिका र अन्तरनिहित उद्देश्यमा आकाश-पातालको भिन्नता छ, जसको चर्चा माथि गरिसकिएको छ। नेपालले स्वतन्त्रतापूर्वक BRI बाट लाभ लिन सक्नुपर्छ।

चीन आफ्नै विशेषतायुक्त जनसमाजवादी देश हो। यो विश्वमा अरु मुलुकहरूभित्र हस्तक्षेप नगर्ने शक्ति हो। यो शान्तिको रक्षा, समृद्धिको बढोत्तरी र सवैको स्वतन्त्रताको पक्षधर शक्ति हो। यो अन्तर-सभ्यता सहअस्तित्व, सहयोग, आदान-प्रदान र हरेकको निजी-विकासको पक्षधर शक्ति हो। समाजवादी चीन नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र भूअखण्डतालाई आदर गर्ने छिमेकी हो; त्यस सँगको मैत्री-सम्बन्धसँग नेपालको अस्तित्व, प्रगति, विकास र स्वतन्त्रता जोडिएका छन्। नेपाल-चीन सम्बन्ध ओठ र दातको सम्बन्ध झैं छ। यस तथ्यलाई हामी नेपालीहरूले औपचारिक बोलिको भाखामा मात्र होइन, अन्तरमनको झंकारको लयमा समेत गुथ्न सक्नुपर्छ।

हो, नेपाल र चीन दुई भिन्न र स्वतन्त्र मुलुक हुन्। दुवैको आ-आफ्नो स्वत्व, इतिहास र भविष्य छ। हाम्रो बीचमा मैत्री छ, सहयोग छ, आदान-प्रदान छ र आडभरोसा पनि छ। हाम्रो सम्वन्धको आधार पञ्चशीलको सिद्धान्त र असंलग्नता रहेका छन्, जसले पारस्परिक सम्मान र अहस्तक्षेपलाई कवुल गरेका छन्। दुवै एकअर्काबाट सिक्छौं, अन्धानुकरण गर्दैनौं र कोही कसैको पुच्छर होइनौं। हामी नङ र मासुको जस्तो सम्बन्ध भएका मित्र हौं, र आआफ्नो विवेकले देखाएको आआफ्नो बाटोमा साझा संभावना लिएर हिड्छौं। हामी नेपालीहरूले यो भावनालाई सदा आत्मसात गरिरहनु पर्दछ।

भारत सरकार ब्रिटिश उपनिवेश कालमा मात्र होइन १९४७ मा ब्रिटेनबाट स्वतन्त्र भएपछि पनि नेपालप्रति उपनिवेशवादी र विस्तारवादी नीति अपनाउँदै आएको छ। त्यसले नेपालका तीनवटै (२००७, २०४६ र २०६३-७२ सालका) प्रजातान्त्रिक परिवर्तनलाई वाहक बनाई नेपालमा आफ्नो प्रभाव, पकड र हस्तक्षेप बढाउने काम गरेको छ। भारत सरकारले २०७६ साल कार्तिकम नेपालको पश्चिमा ब्यास क्षेत्र (करिव ४०० वर्ग कि.मी) कब्जा गर्नु नेपालप्रति भारतीय विस्तारवादको उच्च स्तरीय हस्तक्षेप हो। यस घडीमा हाम्रो राष्ट्रिय स्थिति राजनीतिक रूपमा संकटपूर्ण बनेको छ र विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरूको अभूतपूर्व चलखेल र हस्तक्षेपले हाम्रो स्वतन्त्रताको अघिल्तिर चुनौति खडा गरिदिएको छन्। राजनीतिक संकटको निम्ति मूलत: सत्ताधारी विगतको डबल नेकपाका दृष्टिकोण, विश्लेषण, नीति र कृयाकलापहरू जिम्मेवार रहेका छन्। त्यसमाथि त्यस पार्टीको सत्ता र भागवण्डा निम्तिको अन्तरकलहले राष्ट्रिय जिम्मेवारीलाई ओझेलमा पारेका थिए। अन्तरकलह गर्ने दुवै पक्षका नेताहरूको अन्तर्राष्ट्रिय सम्बन्ध जगजाहेर नै छ। प्राविधिक तथा राजनीतिक ढंगले दुई बिरोधी समूहमा बिभाजित भएपछि २०७७ फागुन १९ गते पुष्पकमल दाहालले "भारतलाई कम्फर्टेबल (सहज) हुने" सरकार गठनमा समर्पित भएको ब्यक्तिको रूपमा आफैलाई चित्रित गरे। यसले उनको तावेदारवादी चरित्र र ओली समूहप्रतिको बिरोधको उद्देश्यलाई उजागर गरेको छ।

नेपालमा राष्ट्रियताका बिरुद्ध बिभिन्न वहानामा प्रहार भइरहेको छ भने एशियाकै अर्को मुलुक म्यानमारमा जनताका बिरुद्ध खुले आम सैनिक शासन लादिएको छ। हामी त्यहाँका जनताको प्रजातन्त्र निम्तिको संघर्ष प्रति ऐक्यवद्धता जनाउँछौं।

**६. पार्टीको तात्कालिक कार्यनीतिको पुनर्पुष्टि**

सहयोद्धा कमरेडहरू !

२०६२/६३ को राष्ट्रिय संयुक्त जनान्दोलनको समाप्ति पछि विशेषत २०७२ साल अशोज ३ गते संविधानसभाबाट संविधान जारी गरिए पश्चात् नेकपा (माले) ले पार्टीको तात्कालिक कार्यदिशा वा कार्यनीतिबारे प्रकाश पार्दै आएको छ। नेकपा (माओवादी) ले २०५२ सालदेखि अपनाउदै आएको सशस्त्र संघर्षद्वारा जनगणतन्त्र स्थापना गर्ने कार्यनीतिबारे हामीले आलोचना गर्दै आएका हौं। त्यो उग्रवामपंथी भड्काउवादी गल्ती थियो; भारतमा मुख्यालय राखी नेपालभित्र संघर्ष संचालन गर्नु राष्ट्रिय स्वतन्त्रताको निम्ति घातक थियो। त्यति मात्र होइन, त्यो कार्यनीति १० बर्षको प्रयोगद्वारा कम उपलब्धीमूलक र बेसी हानीकारक भएको प्रमाणित भैसकेको छ। त्यसका निम्न आधार रहेका छन् : (**i**) लामो सशस्त्र संघर्षद्वारा पनि त्यस पार्टीले देशमा जनगणतन्त्र स्थापित गर्न सकेन, भलै उनीहरूको संघर्षको आडमा बिभिन्न कारणले, विशेषत: विदेशी शक्तिको दवावको कारण देशमा बुर्जुवा/लोकतान्त्रिक गणतन्त्र कायम भएको छ। (**ii**) उक्त कार्यनीति वस्तुगत कारण अर्थात् भारत-पश्चिमा शक्तिको अवरोधको कारणले नै असफल भएको वस्तुवादी मूल्याङ्कन र प्रमाणित भैसकेको गल्तीबारे पनि माओवादी नेतृत्वले आत्मालोचना नगरेको कारण 'माओवादी' पार्टी कैयौं चिरामा विखण्डित भएको छ। (**iii**) जनगणतन्त्र जस्तो उच्च लक्ष्यको निम्ति संघर्ष गर्दा पक्ष-विपक्षमा गरी १७ हजारभन्दा बढी मानिसको मृत्यु भएको छ। (**iv**) त्यस क्रममा खर्वौं-खर्व रुपैयाँको राष्ट्रिय सम्पत्तिको क्षति भएको छ। (**v**) १० बर्षे हिंसात्मक संघर्षमा लाखौं मानिसले दुख पाएका छन्। (**vi**) २०६२ सालको मंशीर ७ गते १२ बुँदे "दोस्रो दिल्ली सम्झौता" गरी विदेशी शक्तिको मध्यस्थतामा अग्रगमन, शान्ति र लोकतन्त्रमा फिर्ता हुने निर्णय गर्दा उक्त पार्टी विदेशीका कैयौं राष्ट्रघाती अजेण्डाहरू बोक्न वाध्य वनेको छ। त्यस हस्तक्षेपबाट माओवादी आन्दोलन र नेपालले नै अद्यावधि उन्मुक्ति पाएका छैनन्। त्यसले उक्त १० वर्षे संघर्षको क्रममा समाजमा समानता, पहिचान र समावेशीकरणका मुद्दा स्थापित गर्ने; बुर्जुवा गणतन्त्र ल्याउनको निम्ति आंशिक जनभावनाको प्रतिनिधित्व गर्ने (मूलत: विदेशी शक्तिको मोहरा बने पनि); संविधानद्वारा जनाधिकार वढाउने जस्ता केही सकारात्मक काम अवश्य नै गरेको छ। तर २०५२ सालदेखि उक्त पार्टीले लिएको कार्यनीति अनुसारको जनगणतन्त्र चाँहि लागु भएन; र, समग्रतामा संघर्षका उपलब्धी भन्दा हानी वढी भएका छन्। फलत: उक्त कार्यनीति गलत र हानीकारक प्रमाणित भैसकेको स्वीकारिनुपर्छ; र यसलाई सच्याइनुपर्दछ।

वास्तविकता यस्तो भए पनि उक्त पार्टीले आफ्नो कार्यनीतिको असफलताको वस्तुगत मूल्याङ्कन गरेको छैन। फलस्वरुप नेपालको कम्युनिष्ट आन्दोलनमा सशस्त्र संघर्षबाट तत्काल जनगणतन्त्र स्थापना गर्ने कार्यनीतिप्रति ठूलो भ्रम विद्यमान छ। समाजमा, विशेषत: माओवादी आन्दोलनका जुझारु समुहहरूमा यो कार्यनीति वस्तुगत कारणले असफल र गलत भएको होइन, केही नेताको विश्वासघातले मात्र असफल भएको हो भन्ने भ्रम विद्यमान छ। यही भ्रमले गर्दा मूल माओवादी पार्टी ठूला-साना गरी दर्जन टुक्रामा विखण्डित भएको हो। त्यति मात्र होइन, यस भ्रमलाई विदेशी हस्तक्षेपकारी शक्तिहरूले आफ्नो रणनीतिको सेवामा समेत प्रयोग गर्न सक्छन् र गरिरहेका छन् पनि। नेकपा (माले) को स्थायी कमिटीले अशोज १६ गते २०७७ को बैठकबाट गरेको र अपानि ७:२१ बाट जारी गरिएको निर्णयलाई यहाँ उद्धत गर्नु आवश्यक र सान्दर्भिक ठानिएको छ।

त्यसमा भनिएको छ, "२०६१-०७२ असोज ३ गतेको परिवर्तनको क्रममा नेकपा (माले) ले निम्न प्रकार आफ्नो तात्कालिक कार्यनीति सूत्रीकरण गरेको थियो : सामाजिक परिवर्तनको प्रकृयाद्वारा कमजोर बनिरहेको सामन्तवाद तथा विशेष कारणले गर्दा बृद्धि भइरहेको जनबिरोधी (दलाल, नोकरशाही, आसेपासे तथा ब्यापारिक) पुँजीवाद अनि विस्तारवाद तथा साम्राज्यवादद्वारा प्रोत्साहित अर्द्ध एवं नव उपनिवेशवादका बिरुद्ध संघर्ष गर्दै राजनैतिक, आर्थिक तथा सामाजिक क्षेत्रका वाञ्छित अग्रगामी परिवर्तनहरूलाई व्यबस्थित एवं परिमार्जित गरी कार्यान्वयन गर्ने कार्यदिशा नै पार्टीको तात्कालिक कार्यदिशा हो।"

"राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिमा आएका फेरबदलहरू अनुसार पार्टीको तात्कालिक कार्यनीतिलाई समेत अद्यावधिक गर्नु पर्दछ। देशमा विद्यमान द्वन्दहरूको कृयाशीलता, सरकारका जनबिरोधी नीति र कृयाकलापहरूका कारण देशमा बढिरहेको राजनैतिक संकट र दुई कारणले देशमा बढिरहेको वाह्य शक्तिहरूको अभूतपूर्व चलखेल (र हस्तक्षेप) लाई प्रभावकारी ढंगले सामना र सम्बोधन गर्दै देशलाई सही ढंगले अग्रगामी निकास दिने काम (बिभिन्न वस्तुगत र मनोगत कारणहरूले गर्दा) आज कुनै एक रङ्को राजनैतिक शक्तिबाट मात्र संभव छैन। त्यसको लागि देशका चारैखाले (कम्युनिस्ट, वामपन्थी, प्रजातान्त्रिक तथा राष्ट्रवादी) देशभक्त शक्तिको सहकार्य र गठबन्धनको आवश्यकता पर्दछ। यस्तो सहकार्य र गठबन्धन कुनै एकल सिद्धान्त (मार्क्सवाद वा प्रजातान्त्रिक समाजबाद वा राष्ट्रिय प्रजातन्त्र वा कुनै सनातनी बिचारधारा) का आधारमा नभएर, देशका ज्वलन्त समस्याहरूलाई जनता र राष्ट्र मुखी ढंगले समाधान गर्ने अजेण्डाहरूका आधारमा मात्र निर्माण हुन सक्तछ। नेकपा (माले) सहमतिमा उपरोक्त अजेण्डा तयार गर्दै सबै देशभक्त शक्तिहरू अटाउने देशभक्त अग्रगामी वा प्रगतिशील लोकतान्त्रिक गठबन्धन निर्माण गर्ने कार्यमा २०७५ सालको आखिरीदेखि नै लागेको छ।"

"ज्वलन्त राष्ट्रिय समस्याका जनता र देश मुखी समाधानका अजेण्डाका आधारमा "देशभक्त प्रगतिशील लोकतान्त्रिक गठबन्धन" निर्माण गर्दै ती अजेण्डाहरूको कार्यान्वयन गर्ने संघर्षद्वारा बर्तमान (सैद्धान्तिक र आचरणगत दुवै हिसावले) भ्रष्ट सत्ताधारी शक्तिको विकल्पमा "देशभक्त प्रगतिशील लोकतान्त्रिक शक्ति र त्यसको सरकार निर्माण" गरी उपरोक्त अजेण्डाहरूलाई कार्यान्वयन गर्दै देशलाई बर्तमान संकटबाट अग्रगामी निकास दिनु, आजको ठोस अबस्थामा नेकपा (माले) को सटिक कार्यनीति हो। यो कार्यनीति तात्कालिक कार्यनीति हो र यसद्वारा निर्माण गरिने वैकल्पिक राजनैतिक शक्ति पनि तात्कालिक वैकल्पिक राजनैतिक शक्ति मात्र हो। यसले वर्तमान अग्रगामी परिवर्तनलाई व्यबस्थित तथा परिमार्जन गर्दै कार्यान्वयन गर्छ र राष्ट्रिय राजनीतिको बिदेशमुखी दिशालाई सच्चाउँदै देशलाई आमूल परिवर्तनको दिशामा सही ढंगले अघि बढाउनेछ।"

यो कार्यनीति आज देशका कम्युनिष्ट क्रान्तिकारीहरूले अवलम्वन गर्नु पर्ने उपयुक्त कार्यनीति हो। यो कार्यनीति देशको वर्तमान वस्तुगत अवस्थामा आधारित छ। त्यति मात्र होइन, यो हाम्रो देशको राष्ट्रिय जनवादी क्रान्तिको विशिष्ट प्रकृया वा बाटोको अनुकुल पनि रहेको छ। यस कार्यनीतिलाई कार्यान्वयन गर्दै हामी नयाँ जनवादी क्रान्तिलाई पूर्णता दिने लक्ष्यमा पुग्ने छौं। त्यसपछि मात्र हामी शान्तिपूर्वक समाजवादी क्रान्ति गर्दै उच्च स्तरको समाजवाद निर्माण गर्दै साम्यवादी समाज बनाउने दिशातर्फ बढ्न सक्नेछौं। यही कारण नेकपा (माले) सचेतन र दृढतापूर्वक वर्तमान अवस्थामा यस कार्यनीतिलाई लागु गर्दछ

**७. वर्तमान "नागरिक आन्दोलन" र वैकल्पिक राजनीतिक शक्तिको निर्माणबारे**

विगतमा केपी ओली नेतृत्वको सरकारको कार्यकालमा निम्न गलत काम भएका थिए : (१) शक्ति केन्द्रीकरण गर्ने कार्य, (२) कानुन बनाई जनाधिकार संकुचन गर्ने कार्य, (३) कोविड-१९ महामारीको प्रतिकार-कार्यमा गैरजिम्मेवारी, (४) भ्रष्टाचारलाई संरक्षण गर्ने कृयाकलाप, (५) विकासका ठूलठूला गफ गर्ने तर त्यसका निम्ति ठोस कार्य नगर्ने, (६) देशमा बढ्दो वेरोजगारी, गरीवी, अभाव, असुरक्षा, भेदभाव तथा महिला बिरुद्धका विविध हिंसाको बढोत्तरी, (७) राष्ट्रिय स्वावलम्वन तथा स्वाभिमानमाथि ब्यवहारिक रुपमा प्रहार, (८) चौतर्फी रूपमा अब्यवस्थामा बृद्धि र प्रशासनिक खर्च कुल बार्षिक बजेटको ८३% र पुँजीगत खर्च १७% राख्ने र यतिपूजीगत बजेटको पनि ३०% भन्दा खर्च गर्न नसक्ने, (९) कोविड-१९ महामारीको कारण गिर्दो अर्थतन्त्रलाई पुनर्स्थापित गर्ने प्रभावकारी नीति र योजनाको अभाव, (१०) विदेशी विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरूको अभूतपूर्व रूपमा बढ्दो चलखेल तथा हस्तक्षेप एवम् सीमा अतिक्रमण तथा देशको पश्चिमी ब्यास-क्षेत्र कब्जा, राष्ट्रघाती एम्.सी.सी. थोपर्ने देशी-विदेशी शक्तिको प्रयत्न आदिप्रति सरकारको लम्पसारवादी प्रवृत्ति, (११) प्रधानमन्त्री तथा राष्ट्रपति संस्थाको दुरुपयोग एवम् मानमर्दन, (१२) सरकारले निरन्तर बढाइरहेको विदेशी ऋण, फजुलखर्च तथा वेरुजु, (१३) सङ्घीय संरचनाको कारण आन्तरिक राजश्वले मात्र राज्यको साधारण खर्च धान्न नसक्ने अवस्थाको सृजना, (१४) जनप्रतिनिधिहरूलाई नै भ्रष्टाचारको नाइके बनाउने कार्य, (१५) निर्वाचन प्रणालीको कारण लोकतन्त्र लुटतन्त्रमा परिणत भएको स्थिति र शासकीय स्वरुपलाई परिवर्तन गर्नु पर्ने अवस्थाको सृजना, (१६) धर्म निरपेक्ष बन्दोवस्तुलाइ हटाई राज्यलाई धर्म सापेक्ष बनाउनु पर्ने मागमा बृद्धि, (१७) संविधानमा देशमा बसोवास गर्ने सबै जातीहरूलाई पहिचान गर्नु पर्ने आवश्यकताको बृद्धि आदि।

उपरोक्त कारण लगायत ओली सरकारले बढाउको अब्यवस्था र कुशासनले गर्दा जनता यो सरकारको विरुद्ध मात्र होइन, यो संविधानले कायम गरेको विकृत यथास्थितिकै बिरुद्ध नारा लगाउदै सडकमा उत्रिन थालेका छन्। देशमा सत्ताधारी शक्तिको विरुद्ध वैकल्पिक शक्ति निर्माणको माग उठ्न थालेको छ। यस क्रममा नागरिक समाजको नाउमा देशका विभिन्न नगरहरूमा श्रृंखलावद्ध बिरोध-प्रदर्शनहरू हुन थालेका छन्। यस क्रममा कैयौं गलत र प्रत्युत्पादक नाराहरू पनि गुञ्जिन थालेका छन्।

विगतमा ओली सरकारका गलत नीति, कार्य र असफलताले गर्दा देशमा "नागरिक आन्दोलन" उठेको हो। अत: यसका मागहरूलाई सम्बोधन गर्ने मूल दायित्व पनि यस सरकारको नै हो। तर सरकार यो काम गर्न चुकिरहेको छ। नेकपा (माले) का नीति रहदै आएका छन्- हामी "राजा आऊ, देश बचाऊ" भन्ने नाराको दृढ बिरोधमा छौं; हामी धर्मनिरपेक्षताको खारेजीको पक्षमा तर हिन्दुराष्ट्र कायम गरिने नीतिको विरोधमा छौं, हामी राज्य धर्मसहिष्णु हुनुपर्ने पक्षमा छौं; हामी यो वर्तमान सङ्घीय संरचना होइन, प्रादेशिक संरचना नभएको तर केन्द्रीय, जिल्ला र पालिका तहमा कार्यकारी सरकार रहने आधारभूत सङ्घीयताको पक्षमा छौं; हामी सामाजिक न्याय र राष्ट्रिय स्वावलम्बनमा आधारित सामाजिक पुँजी निर्माणको पक्षमा छौं र राष्ट्रिय सार्वभौमसत्ता तथा राजकीय सत्ताको श्रोत जनता हो भन्ने २०६३ साल बैशाख १० गतेको त्रीपक्षीय घोषणाको पक्षमा छौं। उक्त घोषणा नै आधुनिक कालमा नेपाली जनताले संघर्षद्वारा प्राप्त गरेको उच्चतम प्रजातान्त्रिक उपलब्धी हो। हामी त्यसलाई सम्मान, स्वीकार, आत्मसात र कार्यान्वयन गर्ने देशका राजनीतिक शक्तिहरूसँग सहकार्य गर्न तयार छौं।

अहिले यस्ता विरोध-प्रदर्शनहरू शान्तिपूर्ण प्रकृतिका छन्। प्रदर्शनकारीहरूले शान्तिपूर्ण विरोध गर्न पाउने संवैधानिक अधिकारको उपयोग गरिरहेको हुनाले सरकारले त्यस बिरुद्ध बलप्रयोग गर्न सक्तैन र सकिरहेको छैन। यस्तो स्थितिलाई आफ्नो दुनो सोझ्याउनको लागि देशभित्रका प्रतिकृयावादी शक्ति र बाहिरका विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरूले दुरुपयोग गर्न सक्छन्। तिनीहरू "माछा मार्न धमिलिएको पानी"मा पस्न सक्छन्। अत: सरकारका गल्ती, दोष र असफलताहरूको विरुद्ध सडकमा उत्रिएका जनतालाई सही मार्ग-प्रदर्शन गर्नको लागि राष्ट्रका ज्वलन्त समस्याहरूको जनता तथा राष्ट्रमुखी समाधान दिने अजेण्डाका साथ देशका सवै देशभक्तहरूले संगठित हुन र जनताका बीच जान ढिलो भइरहेको छ।

प्रिय सहयोद्धा कमरेडहरू !

केन्द्रीय कमिटीको १२ औं बैठक (४-६ पुष, २०७६) ले गंभीरतापूर्व छलफल गर्दै त्यस बैठकमा महासचिवद्वारा प्रस्तुत राजनैतिक प्रतिवेदनको "देशभक्त लोकतान्त्रिक शक्तिको फराकिलो मोर्चा बनाऔं" भन्ने सातौं प्रकरणको प्रस्तावलाई एकमतोले पारित गरिसकेको छ। उक्त पारित प्रस्तावको उद्देश्य नै वर्तमान सैद्धान्तिक तथा राजनैतिक पक्षका साथै आचरणको पक्षमा समेत भ्रष्ट बनिसकेको र देश संचालन तथा यसको अग्रगतिको निम्ति असफल बनिसकेको डबल नेकपा नेतृत्वको राजनीतिक शक्तिलाई राजनीतिक/जनसंघर्षद्वारा विस्थापित गर्ने "देशभक्त प्रगतिशील लोकतान्त्रिक वैकल्पिक राजनैतिक शक्ति"को निर्माण र त्यसको सरकार गठन गर्नु हो। उक्त प्रस्तावमा नै यस्तो वैकल्पिक राजनैतिक शक्ति निर्माण गर्नु पर्ने आवश्यक्ता, त्यसका घटकहरू र त्यसको निर्माण प्रकृया आदिबारे चाँहिदो प्रकाश पारिसकेको छ। महासचिव दुर्घटनामा पर्ने र कोविड-१९ को महामारीले देश लकडाउनमा जाने कारणले गर्दा पारित भैसकेको उपरोक्त प्रस्तावलाई पार्टीले सकृयतापूर्वक ब्यवहारमा उतार्न सकेन। त्यसपछि सरकारले कोविड-१९ को महामारी, जनतन्त्र, जनजीविका तथा राष्ट्रियताका सम्बन्धमा लिएका थप गलत नीतिहरू र देशको पञ्चशील आधारित परराष्ट्र नीतिको जग बनेको असंलग्नतालाई भत्काउने कार्यले सातौं केन्द्रीय कमिटीको १२ औं पूर्ण बैठकको उक्त निर्णयको औचित्यलाई थप पुष्टि गरेका छन्।

यस बैठकले अघि सार्ने देशभक्त प्रगतिशील लोकतान्त्रिक वैकल्पिक शक्ति निर्माण गर्ने अजेण्डाहरू नै यो नागरिक आन्दोलनका सही मागलाई स्वीकार गर्ने र गलत एवम् प्रत्युत्पादक मागहरूको सट्टामा सही माग अघि सार्ने उपयुक्त दस्तावेज हुनेछ। यस्ता अजेण्डाहरूको मस्यौदा छलफलको निम्ति यस बैठकले अघि सार्नेछ। यो बैठक पार्टीका नेता, कार्यकर्ता तथा सदस्य कमरेडहरू र सरोकार राख्ने राजनीति-सचेत अन्य नागरिकहरूलाई "देशभक्त प्रगतिशील लोकतान्त्रिक गठबन्धन" निर्माण हेतु यस बैठकद्वारा अघि सारिने मस्यौदा कार्यक्रमको अध्ययन गर्दै वर्तमान नागरिक आन्दोलनका विविध मागहरूप्रति आफ्नो दृष्टिकोण निर्माण गर्न आग्रह गर्दछ।

**८. पार्टी निर्माण र महाधिवेशन तथा निर्वाचनको तयारीमा जुटौं !**

प्रिय सहयोद्धा कामरेडहरू !

कोविड-१९ महामारीको प्रकोप र महासचिवको दुर्घटनाको कारण पार्टी-कार्यमा परेको दुष्प्रभावले पार्टी-कार्यमा सुस्ती आएको छ। फलत: आज हाम्रो अघि पार्टी-निर्माणको प्रश्न जीवन-मरणको प्रश्न बनेर खडा भएको छ। त्यसमाथि सम्बैधानिक कारणले पनि पार्टीको आठौं राष्ट्रिय महाधिवेशन जतिसक्दो चाँडो आयोजित गर्नु परेको छ। देशको सत्ताधारी डबल नेकपामा घटित बिभाजन एवम् त्यसका दुवै घटक पार्टीको पुनर्स्थापनाले विकृत यथास्थिति बलशाली हुने, संसदमा द्वन्द बढ्ने र राजनीतिक अस्थिरता, केन्द्रीय तहका भ्रष्टाचार तथा हस्तक्षेपकारी वाह्यशक्तिहरूको चलखेल झन् बढ्ने मात्र नभई संसद विघटित भई छिटो (अर्ली) चुनाव पनि हुनसक्ने संभावना बढेको छ। त्यस्तो चुनाव २०७८ को मंशीर महिनाभित्र कुनै पनि समयमा हुन सक्तछ। यसका साथै, डबल नेकपाको विभाजनले हामी अघि चुनौती र अवसर दुवै थपिएका छन्। यस्तो स्थितिमा चारवटा कारण (पार्टी-कार्यमा आएको सुस्ती, पार्टी महाधिवेशन, संसद-निर्वाचन र डबल नेकपाको विभाजनले) पार्टी निर्माणमा प्राथमिकता दिएर जुट्न आज हामीलाई दवाव दिइरहेका छन्। यी चार कारण र पार्टी निर्माणमा जोतिने आवश्यकतालाई नेतृत्वदेखि लिएर सिङ्गो पङ्तिले गंभिरतापूर्वक लिनु पर्दछ। तर यसमा केन्द्रीय नेतृत्वको भूमिका प्राथमिक र निर्णायक रहेको छ।

(**i**) सबभन्दा पहिले स्थायी कमिटी, पोलिटिकल ब्युरो र केन्द्रीय कमिटीका कमरेडहरूले आफूलाई यो चुनौतीको सामना गर्न तयार पार्नुपर्छ। वहाँहरूले जिम्मेवारी बोक्न, पहलकदमी लिन र अतिरिक्त त्याग तथा समर्पण प्रदर्शित गर्न तत्पर हुनुपर्छ। विशेष गरी २०७६ सालको आखिरीदेखि आजसम्म गर्नुभएको जिम्मेवारी-बोध, लिनु भएको पहलकदमी र गर्नु भएको प्रतिबद्धता एवम् त्याग विल्कुलै अपर्याप्त छ। हामी यसलाई सच्याउने अठोट गरौं, सच्याऔं र ब्यवहारले अनुकरणीय पात्र बनौं।

(**ii**) यही २०-२१ मंशीर २०७७ मा आयोजित पोलिटब्युरो बैठकले पार्टीको केन्द्रीय कमिटीका तीनवटै तह र प्रदेश तथा जिल्ला तहका कमिटीमा कार्यकारी र परामर्शकारी हैसियतका कमरेडहरू रहनसक्ने अन्तरिम निर्णयलाई विवेकसम्मत ढंगले यस बैठकदेखि नै लागू गर्नुपर्छ। हाम्रो उत्कट इच्छा छ, उपरोक्त कमिटीहरूका सवै सदस्यहरूले कार्यकारी हुने प्रतिज्ञा गरुन र पार्टी निर्माणको यो जीवन-मरणको संघर्षबाट पछि नहटुन्।

(**iii**) पार्टीमा रक्त-संचार गर्नको निम्ति केन्द्रीय कमिटीकै योजनामा र केन्द्रीय, प्रादेशिक तथा सम्बन्धित जिल्ला तहको ब्यवस्थापनमा कम्तीमा सातै प्रदेशका ७ स्थानमा र आवश्यकता हेरी प्रभावकारी अन्य स्थानहरूमा पनि महासचिव प्रमुख वक्ता रहने जनसभाहरूको आयोजना गरौं। त्यस्ता जनसभाहरूबाट पार्टीका महत्वपूर्ण निर्णयहरूलाई जनताको बीचमा सम्प्रेषण गरौं र तिनका उपलब्धीहरूलाई योजनावद्ध ढंगले जगेर्ना गरौं।

(**iv**) पार्टीका सवै प्रादेशिक कमिटी र जिल्ला कमिटीहरूको यथाशीघ्र बैठक आयोजना गरौं र महत्वपूर्ण बैठकमा महासचिवको सहभागिता सुनिश्चित गरौं। यस सम्बन्धमा प्रत्येक प्रदेश पार्टी कमिटीका इन्चार्ज तथा सचिवले योजना बनाउनेछन्।

In order to achieve great national unity we should put the common interests of the nation above all else, relegating the differences in thoughts, ideas and systems to the background, and hold fast to the principle of uniting on this basis. The country's reunification is not a matter of settling any class contradictions within our nation or antagonism between social systems; it is the national cause of establishing the nation's sovereignty all over the country. No class or stratum can exist outside the nation and no independence for the members of the nation can be ensured without the independence of the nation. Today when reunifying the country is the supreme task of the nation, no class or stratum should place their interests above the common national interests. No matter how great the difference in ideologies and systems existing in the north and south may be, it cannot be greater than our national community which has been formed and consolidated and developed over a long period of history. When the north and the south put the national community and the common national interests to the fore and desire the country's reunification, they can achieve the great unity of the entire nation transcending differences in ideologies andsystems.

Love for the country and the nation is the common ideological feeling of all members of the nation and the ideological basis of national unity. To love ardently the country and the nation and value most the national dignity are our nation's proud tradition and the national characteristics. Anyone who has the blood and soul of the Korean nation must treasure and preserve the admirable national character of the Korean people. Today the true value and worth of life for the Koreans lies in linking their destiny with the destiny of the nation and devoting themselves heart and soul to the noble cause of the country's reunification and independence and the prosperity of the nation. Everyone who loves the country and the nation and is concerned over their destiny whether he or she lives in the north, in the south or abroad, must unite firmly under the banner of national reunification, regardless of the differences in ideologies and ideas, religious belief and political views, class and stratum.

We maintain that the north and the south join their efforts to promote co-existence, co-prosperity and common interests and achieve the great cause of the country's reunification transcendingthe differences in ideologies and social systems. We will join hands with those who take the road of national reunification with national conscience, regardless of their ideas and religious beliefs, and whether they are capitalists, army generals or high authorities. Even those who have committed crimes against the nation in the past, if they repent of their mistakes and come round to the side of the nation, we will let them start with a clean slate, treat them with generosity and unite with them.

Our Party's line and policy for great national unity constitute all-embracing politics based on love for the country, nation and people. Our consistent policy is to pursue all-embracing politics invariably in the whole process of the struggle for the reunification, independence, and prosperity of the country. The line of great national unity which fully embodies the idea of love for the country, nation and people has fully demonstrated its validity and vitality in the long-drawn-out struggle for the restoration of the fatherland, for the building of a new society and for national reunification. We will respect the ideologies, ideas and religions of all parties, organizations and people that aspire after patriotism and turn out for the cause of reunification, and unite with them, thereby fulfiling our duty and remaining loyal to the nation.

Reunifying the country in a peaceful way without recourse to the armed forces is our principled position and the consistent line of our Party.

There is no reason why we fellow countrymen should fight among ourselves on the question of national reunification. The difference in thoughts and systems existing in the north and the south is not a ground for the use of armed forces. One cannot accept any idea and system under coercion and the difference in ideologies and systems between the north and the south cannot be abolished by a coercive method. If the north and the south fight against each other, our nation will suffer the ravages of war and the imperialists will profit from it. The peaceful reunification of Korea is not only the desire of our nation but also the aspiration of the peace-loving people of the world. Everyone who loves the country and nation and values peace must exert all his or her efforts for the peaceful reunification of the country.

In order to ensure peace in the Korean peninsula and achieve the peaceful reunification of the country we must oppose the moves towards aggression and war and eliminate the danger of war. Without the struggle against the moves towards aggression and war, it would be impossible to ensure peace and think of peaceful reunification. At present, the manoeuvres of the United States andthe south Korean rulers against socialism and our Republic have aggravated the tension and created the danger of war breaking out in the Korean peninsula any minute.

The question of easing the tension and removing the danger of war in our country can be settled, before all else, when the United States gives up its hostile policy against our Republic and a peace treaty is concluded between the DPRK and the US. Our Republic and the United States are still in the state of temporary armistice and the danger of war has not been dispelled from our country. In order to remove the danger of war and ensure peace, a peace treaty must be concluded between us and the United States and a new peace- keeping mechanism must be established. In addition, it is imperative to reaffirm the nonaggression agreement between the north and the south already published to the world and implement it thoroughly.

Although the United States clamours about the "end of cold war" and "easing of the tension", she is invariably resorting to the "power politics", threatening us with ceaseless military exercises and aggressive manoeuvres and instigating the south Korean rulers to war provocation. Trying to bring us to our knees by military threat or pressure is a foolish attempt and adangerous act.

We will defend our socialism firmly and never tolerate anyone to infringe upon the sovereignty and dignity of our nation. Strengthening the revolutionary armed forces to defend the security of the country and people against the moves of the imperialists and the south Korean rulers to provoke war is a natural step to self-defence. The imperialist war-maniacs should refrain from attempting to test our military power by means of their armed forces or to frighten or bring our people to their knees by military threat and provocations. Such a reckless act will be a dangerous adventure which may end in a terrible catastrophe. We never want war; we are making consistent efforts to reunify the country peacefully.

The most reasonable way to settle the question of Korean reunification smoothly is to reunify the country based on federation.

Our nation wants to reunify the country as soon as possible in a reasonable way acceptable to everyone. Over half a century has passed since the different systems were established in the north and the south. If, in these circumstances, one side tries to reunify the country under its system, it will further aggravate the state of division, let alone reunification, and end in an irretrievable national disaster.

In view of the urgent requirement of our nation and the situation in the country, the best way to reunify the country as soon as possible is to establish a unified nation-state of federation based on one nation, one state, two systems and two governments.

Reunification through federation is a fair and rational way for reunification which does not attach weight to the advantages or interests of only one side or harm any side. Federal reunification will also contribute to removing the danger of war always hanging over the Korean peninsula and ensuring peace and security of the world.

If the country is reunified by federation, our nation will establish sovereignty throughout the country and achieve great unity as one nation; our country will become a unified nation-state, independent, peace-loving and neutral. The reunified federal state will not infringe upon the interests of neighbouring countries and threaten them.

We will advance dynamically along the road of national reunification under the banner of the three charters of national reunification set forth by the great leader Comrade Kim Il Sung without the slightest vacillation in any difficulty and trial.

Improving the relations between the north and the south is an urgent requirement for achieving the independent and peaceful reunification of the country. Only when the relations between the north and the south are converted from the relations of distrust and confrontation into those of trust and reconciliation, can the country be reunified independently and peacefully by the united efforts of the whole nation.

The trend of national reunification is now mounting unprecedentedly, but the relations between the north and the south are more strained and acute than ever before. The present south Korean authorities who do not care a straw about the destiny of the nation and national reunification are trying to find a way out by aggravating tension and confrontation between the north and the south, being afraid of their power foothold being shaken to its roots; they have pushed north-south relations into a critical state and are unprecedentedly intensifying warmongering manoeuvres against the north in collusion with foreign forces. Since the appearance of the present "regime" in south Korea, confrontation has been aggravated between the north and the south instead of reconciliation, and the danger of war increased instead of peace. Having thrown the north-south relations into the worst state is an indelible anti-reunification crime and a treachery to the country and nation committed by the present south Korean authorities.

In order to improve the relations between the north and the south and effect a change towards national reunification, the south Korean authorities, before anything else, should desist from depending on foreign forces and "cooperating" with them, oppose and reject them by uniting efforts with their fellow countrymen from the stand of national independence.

National independence or dependence on foreign forces is a touchstone which distinguishes reunification from division, patriotism from treachery. If anyone takes the road of "cooperating" with foreign forces by depending on them, turning his back on the nation and shutting his eyes to the nation's own force, he will be forsaken by the nation and punished by history. Only when the south Korean authorities take the stand ofnational independence and patriotism, will the relations between the north and the south develop into the relations of trust and reconciliation and a breakthrough be made for national reunification.

The south Korean authorities must change their policy and take the stand of national independence which values and depends on the nation; they must adopt a policy of shaping the destiny of the country and the nation by joining efforts with their fellow countrymen.

Removing the political confrontation between the north and the south is a prerequisite for improving the relations between the north and the south. Only when it is removed, can the military confrontation be eliminated and further, national reconciliation and unity be realized.

The south Korean authorities must have a true sense of national fellowship, change their hostile anti-north confrontation policy into reconciliation policy of alliance with the north; they must refrain from creating misunderstanding and distrust between the north and the south and hampering national reconciliation and unity.

Military confrontation, in addition to political confrontation, must be removed to ease tension.

The military confrontation between north and south gives rise to distrust and misunderstanding between fellow countrymen and makes it impossible to trust and reconcile each other; it will also aggravate tension and lead to national calamity. Without removing military confrontation is it impossible either to improve the north-south relations or to expect peace in the Korean peninsula and peaceful reunification.

In south Korea, at present, they are clamouring about fictitious "threat to invade the south". However, it is not the "threat to invade the south" but the threat to invade the north that really exists in our country. Were it not for the threat to invade the north, the military confrontation between north and south would be removed.

The south Korean authorities must abandon their dangerous war policy and ease tension. In south Korea they must stop arms build-up and the import of weapons from abroad, discontinue the joint military exercises with the foreign armed forces and refrain from committing reckless military provocations.

In order to remove the confrontation between north and south and promote national reconciliation and unity, the social and political life in south Korea must be democratized. Whoever comes into power, as long as the fascist rule continues in south Korea, it will be impossible to remove the confrontation between north and south or to think of free discussion and activity for national reunification by political parties, groups and people from all walks of life in south Korea. Worse still, as long as the wicked law against the nation and reunification, like the "National Security Law" which defines the same race as the enemy, regards it as criminal to have a contact and exchange among the people and public figures from various circles in the north and the south and suppresses the patriotic forces for reunification, exists in south Korea, national reconciliation, unity and the contact and exchange between north and south will never be realized. The tortuous history of the national reunification movement which started with the division of the nation shows that as long as the "National Security Law" exists in south Korea, no progress will be made in the north-south relations.

Today the reality in which the patriotic forces of reunification and democracy are being suppressed by the "National Security Law" in south Korea and the north-south relations are in the worst state requires democratization as an imperative task. The "National Security Law" which distresses the south Korean people and causes harm to all the nation must be abolished, and political freedom and democratic rights, such as the freedom of discussion and activity of political parties, groups and strata for national reunification must be guaranteed in south Korea. '• These problems must be solved to improve the north-south relations and open a new phase for national reunification.

If the south Korean authorities give up the present anti-national and anti-reunification confrontation policy and make positive change in practice to live up to the expectation of the entire nation, we will meet them at any time to negotiate with an open heart about the destiny of the nation and make joint efforts for the country's reunification. We will watch their attitude andactions.

In order to find a correct solution to the Korean question, the countries concerned must play a positive role with a sincere attitude of helping Korea's reunification. They must respect the sovereignty and the reunification will of our nation and closely cooperate to facilitate our nation's effort to reunify the country independently and peacefully.

The United States, a party who is directly responsible for the Korean question, must sincerely implement her signed commitment and duty. She must radically change her anachronistic policy towards Korea and refrain from interfering with the independent and peaceful reunification of Korea. We have no intention to regard the United States as our sworn enemy for hundreds of years; we hope to normalize the Korea-US relationship. The Korea-US relations will be developed in the interests of the peoples of the two countries if the United States rids herself of the outdated idea of the cold-war age, desists from approaching the Korean question with power politics and facilitates the peace and reunification of the Korean peninsula.

Japan, which imposed immeasurable misfortune and disaster upon our people in the past, must sincerely reflect upon her past, give up her hostile policy towards our Republic and stop instigating the division of Korea and hindering her reunification. Then we will take a friendly approach to Japan, our neighbour, and the abnormal relations between Korea and Japan will be improved.

The future of our people's struggle for the country's reunification is not smooth, but the reunification of our country, the cherished desire of our nation, will be achieved without fail.

When Korea is reunified, our country will make its appearance on the world arena with great dignity as a rich and powerful, independent and sovereign state with a 70 million population, and our nation will exalt its pride of being a resourceful, dignified and great nation.

We must unfold a nationwide struggle to carry out the great leader Comrade Kim Il Sung's instructions for reunification and thus hasten the historic day when our 70 million compatriots will live happily in the unified country.

## पर्यावरणीय...

तीव्र गतिमा बढ्दै जाने हो भने हिमालहरूमा ७० देखि ९९ प्रतिशतसम्म हिउँ नरहने र सगरमाथालगायत हिमालहरू कालापहाडमा परिणत हुने चेतावनी अनुसन्धान प्रतिवेदनमा दिइएको छ । इसिमोडका वैज्ञानिक जोसेफसीले ठूलो मात्रामा हिउँ बिलाउन थालेको बताएका छन् । युरोपियन जियोसाइन्स युनियन जर्नलमा प्रकाशित विश्वभरका वैज्ञानिकहरूको संयुक्त अनुसन्धान प्रतिवेदनमा तापक्रम बढ्ने क्रम नरोकिएकाले हिमालहरू नांगा हुने तथ्य सार्वजनिक गरेका छन् ।

वैज्ञानिकहरूले नेपालका विभिन्न हिमनदीहरूको अध्ययन गर्नुका साथै दूधकोशी नदीलाई शून्य आधार मानेर अध्ययन गरेका थिए । हिमाली भेगमा बढेको तापक्रमले हिउँ पर्ने र जम्ने क्रम रोकिनेछ भने ९० प्रतिशत हिमनदी गर्मीमा पग्लिने छन् । नेपालका मुख्य नदीहरूको पानीको स्रोत हिमालयहरू नै भएकाले र हिउँ पर्ने र जम्ने क्रम रोकिएपछि त्यसको असर कृषि र जलविद्युतमा गम्भीर रूपले पर्नेछ । हिउँ पग्लिने क्रममा भएको वृद्धिले हिमताल फुट्ने र तल्लो तटीय क्षेत्रमा समेत बाढीपहिरोको खतरा बढ्ने छ ।

जलवायु परिवर्तनको असर कृषि क्षेत्रमा प्रत्यक्ष रूपमा देखिन थालेको छ । बालीनालीहरू समयभन्दा अगावै पाक्ने र उत्पादनमा समेत ह्रास आउन थालेको छ । औलोमा मात्र फल्ने आँप, लिची जातका फलफूल रैथाने थलोमा मासिँदै जानु अनि विभिन्न रोगको संक्रमणमा पर्नु वायु परिवर्तनकै असरले हो । मुस्ताङमा गर्मीका कारणले स्याउका बिरुवा मरेका खबर आउनु र मध्यपहाडमा सुन्तलाका बोटहरू सुक्न थाल्नुलाई जलवायु परिवर्तनकै संकेतका रूपमा लिइएको छ । पानीका परम्परागत मुहान सुकेर बस्ती नै सार्नु परेका खबरले पनि बेलाबेला अखबारका पानाहरू भरिने गरेका छन् ।

वातावरणविद डा.एमपी भट्टका अनुसार 'हरितगृह ग्यासहरू जस्तै कार्बनडाइअक्साइड, मिथेन, नाइटसअक्साइड, क्लोरोफ्लोरो कार्बन र ओजोनको मात्रा न्यून मण्डलमा वृद्धि हुनाले वायुमण्डलको तापक्रम वृद्धि हुने गर्छ जसलाई विश्वज्व्यापी उष्णता भनिन्छ । नेपालका हिमनदीहरूमा तीन दशकमा सानो तापक्रमको वृद्धिले ठूलो ह्रास आइसकेको देखिन्छ । विश्वव्यापी उष्णताको निरन्तरताले हिमनदीहरूमा ह्रास ल्याउने मात्र होइन, बरु यसको असरहरूबाट असामान्य मौसम जस्तै कतै खडेरी त कतै अत्यधिक वर्षा, मरुभूमिकरण, बाढी भूक्षय, पहिरो, जैविक विविधतामा ह्रास, खाद्य संकट र विभिन्न किसिमका रोगहरू उत्पन्न हुने र प्राणीहरूले बाँच्नका लागि निकै संघर्ष गर्नुपर्ने अवस्था सिर्जना हुनेछ ।'

पर्यावरण संरक्षणको समस्या विश्वव्यापी रूपमा चिन्ताको विषय बन्दै गएको अवस्थामा विश्वकै शक्तिशाली राष्ट्र जी-७ का राष्ट्रध्यक्षबीच पनि जर्मनीमा विशेष छलफल भयो । अमेरिका, बेलायत, जापान, फ्रान्स, क्यानडा, इटली र जर्मनीका राष्ट्राध्यक्षहरूले जुन ८, २०१५ का दिन विश्वको पर्यावरणलाई प्रमुख एजेन्डा बनाएर छलफल गरेका छन् । जर्मनीका चान्सलर एन्जेला मार्केलले उक्त दिनको बैठकमा सहभागीहरूबीच प्रस्ताव राखेकी थिइन् । जी-७ का पदाधिकारीहरूले उनको प्रस्ताव महत्वका साथ स्वीकार गरे । 'विश्वलाई स्वच्छ र प्रदूषणरहित बनाउन यसको सुरुवात हामीबाटै हुनुपर्छ' भनेर मार्केलले आफ्नो भनाइ यसरी राखेकी थिइन्- अहिले अविकसित राष्ट्रहरूको वातावरण निकै बिग्रिएको अवस्थामा छ । उनीहरूलाई त्यसबाट मुक्त राख्न हामीहरूले नै सहयोग गर्नुपर्छ ।' औद्योगिक क्षेत्रमा विशेष तापक्रम बनाइनुपर्ने उनको धारणा थियो । आउँदो डिसेम्बरमा फ्रान्सले पनि वातावरण परिवर्तनसम्बन्धी बैठक राख्नेछ ।

वैज्ञानिकहरूको अध्ययनअनुसार पृथ्वीको करिब ५० प्रतिशत भूभाग मानवीय क्रियाकलापद्वारा परिवर्तित भइसकेको छ । विश्वव्यापी रूपमा भइरहेको औद्योगिक क्रान्तिपछि वायुमण्डलले स्वच्छता र मौलिकता गुमाएको छ । ३० प्रतिशतभन्दा बढी कार्बनडाइअक्साइड वायुमण्डलमा थपिएको छ । औद्योगिक र विकसित राष्ट्रले फैलाएको वातावरणीय प्रदूषण, बढाएको विश्वव्यापी तापक्रम अथवा 'ग्लोबल वार्मिङ' को मार अविकसित र पहाडी धरातलमा निर्मित मुलुकले झनै ठूलो कष्ट झेल्नु परिरहेको छ । विश्वको तापक्रम क्रमिक रूपले वृद्धि हुँदा रैथाने चराचुरुंगी, वनस्पति, जीवजन्तु र बालीनाली लोप हुँदै गएका छन् । झन्डै २५ प्रतिशत जति चराचुरुंगी लोप भएको अनुमान गरिन्छ । हाम्रो काठमाडौं उपत्यकाको मौसम बर्सेनि तातिएर गइरहेको उदाहरणलाई मात्र हेर्ने हो भने पनि विश्वव्यापी तापक्रम वृद्धिको असर सहजै अनुमान गर्न सकिन्छ । काठमाडौंको तापक्रम ३५ डिग्री र बाँके बर्दियाको तापक्रम ४४.१ डिग्रीसम्म पुगेर उखरमाउलो गर्मी हामीले भर्खरै मात्र झेलिसकेका छौं । भूकम्प, बाढीपहिरो र अस्वाभाविक गर्मीले नेपाली जनजीवन कष्टकर बन्दै गइरहेको छ भने पहाडका थुप्रै भूभागहरू बस्ती बस्न अयोग्य सावित भइसकेका छन् ।

विश्वव्यापी उष्णताको समन गर्ने क्षमता एउटा मुलुकको प्रयासले मात्र सम्भव छैन । यसका लागि वातावरणीय प्रदूषणका मुख्य जिम्मेवार मानिएका औद्योगिक राष्ट्र र सम्पन्न मुलुकहरूले गम्भीर पहल गर्नैपर्ने हुन्छ । त्यसैगरी हाम्रोजस्तो मुलुकले पनि वन विनाश रोक्ने र वृक्षरोपण कार्यक्रमलाई जोडतोडले अगाडि बढाई हरियाली प्रबर्द्धनमा जोड दिनुपर्छ । भारतको सानो राज्य सिक्किमले पर्यावरण संरक्षण र जैविक विविधताको संरक्षणमा गरेको उदाहरणीय कार्य अहिले नमुनाको रूपमा चर्चामा आउन थालेको छ । नेपालले भोग्नु परिरहेको प्राकृतिक प्रकोपको पीडामा मलहम लगाउने उपाय भनेकै पर्यावरण संरक्षण हो । पहाडी क्षेत्रमा भइरहेका योजनाविहीन ढंगका बाटाघाटा निर्माणले पनि भूक्षय र वातावरण विनाश निम्त्याएको छ । कमजोर भूबनावट भएका ठाउँमा ठूलठूला उपकरण लगेर भिरपहरा खोल्ने र बाटो निर्माण गर्ने कार्यले त्यस क्षेत्रको जमिन थप कमजोर बनाउने र पानीको मुहान सुकाउने समेत काम गरेको छ । विकासका नाममा पहाडमा बिनायोजना आफूखुसी डोजर कुदाउने काममा सरकारले अविलम्ब रोक लगाउन जरुरी छ ।

चुरे क्षेत्र र तराईको जथाभावी वन विनाश र रोडा, ढुंगाको जथाभावी उत्खननले निम्त्याउने मरुभूमीकरण रोक्नेतर्फ पनि सरकार सचेत देखिँदैन । तराईमा समेत पानीको सतह धेरै तल पुगेर परम्परागत इनार, ट्युबेल र कुवा सुकेका र पानीको समस्या झेल्नु परेका अप्रिय खबरहरूले भविष्यमा जलस्रोतका धनी नेपालीले पिउने पानीका लागि समेत तड्पिनुपर्ने र काकाकुलको व्यथा भोग्नुपर्ने पीडा थपिने निश्चित छ । त्यसैले नेपालले पर्यावरण संरक्षणलाई अत्यन्तै प्राथमिकता दिई उदाहरणीय काम गरेर विश्वमै नमुना प्रस्तुत गर्न आवश्यक छ । हाम्रो जस्तो भूपरिवेष्ठित मुलुकले औद्योगिक क्रान्ति गरेर विश्वसँग प्रतिस्पर्धा गर्न सक्दैन र सम्भावना पनि छैन । त्यसैले हरित क्रान्तिको माध्यमबाट नै विश्वको ध्यान खिच्न र नमुना प्रस्तुत गर्न भने अवश्य सफल हुन सकिन्छ ।

विश्व वातावरण दिवस जुन ७ को यसपटक नारा थियो- 'एउटै पृथ्वी सात अर्ब सपना : दिगो उपभोग, हाम्रो चाहना ।' वास्तवमा सात अर्ब जनताको साझा पृथ्वीलाई दिगो उपभोग गर्दै नयाँ पुस्तालाई सुरक्षित रूपमा हस्तान्तरण गर्नका लागि पर्यावरण संरक्षण विश्वकै मूल एजेन्डा बन्न जरुरी छ । नेपालले पनि भूकम्पीय पराकम्पनका बीच जुन ७ मनाएको छ । प्रधानमन्त्री सुशील कोइरालाले वातावरणीय सन्तुलन अपरिहार्य रहेको भन्दै मन्तव्य दिएका छन् । वातावरण संरक्षणको विषयलाई अब केवल नारा र भाषणमा सीमित नराखी व्यवहारमै उतार्ने संकल्प आजैबाट गर्न जरुरी छ ।

## प्रदूषित...

ढाका, तेस्रोमा मंगोलियाको उलनबाटोर, चौथोमा अफगानिस्तानको काबुल, पाँचौंमा कतारको दोहा, छैटौंमा किर्गिजस्तानको बिस्केक, सातौंमा बोस्निया हर्जगोभिनाको सारजेभो, आठौंमा बहाराइनको मनामा, नवौंमा इण्डोनेसियाको जाकार्ता र दशौंमा नेपालको काठमाडौं छन् । दिल्लीको पिएम २.५ कन्सन्ट्रेसन ८४.१ छ भने काठमाडौंको पिएम २.५ कन्सन्ट्रेसन ३९.२ छ । यस्तै सबैभन्दा प्रदूषित देशहरूको सूचीमा नेपाल १२ औं स्थानमा परेको छ । सबैभन्दा प्रदूषित देशको सूचीमा शीर्षमा बंगलादेश छ ।

## कांग्रेस पनि...

केन्द्र र जसपाको गठबन्धन सरकारको पहल भए पनि त्यसबारे ठोस निष्कर्षमा पुग्न नसकिरहेका बेला कांग्रेसले ताजा जनादेशलाई अघि सारेको हो । पार्टीका नेता कार्यकर्ता, माओवादी केन्द्र र जसपाले समेत ओलीको विकल्पमा अग्रसरता लिन आग्रह गर्दा पनि सभापति देउवाले ठोस पहल थालेका छैनन् । उनले सत्तारुढ दल विभाजित अवस्थामा पुनर्स्थापित प्रतिनिधिसभाले स्थिरता र निकास दिन नसक्ने दाबी गरे । तर, कांग्रेसभित्र यो मुद्दामा एकरूपता छैन ।

कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले संविधानको त्यही व्यवस्थाबमोजिम कांग्रेसको नेतृत्वमा चुनावी सरकार बनाउनुपर्ने बताएका छन् । कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेल अहिलेको अवस्थामा जे-जे भए पनि ओलीको विकल्प खोज्नु पहिलो सर्त हुनुपर्ने बताए । नयाँ सत्तासमीकरणका विषयमा जसपासँग छलफल गर्नुअघि २८ फागुनमा देउवाले पार्टीका शीर्ष नेतासँग छलफल गरेका थिए । त्यही बैठकमा देउवालाई पार्टीका वरिष्ठ नेता पौडेल र नेता कृष्णप्रसाद सिटौलाले पनि सरकारको नेतृत्व लिएर अघि बढ्न सुझाव दिएका थिए । यसैबीच प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रतिनिधिसभामा तीन प्रस्ताव दर्ता गराएको छ । कांग्रेस सांसदले मंगलबार सङ्घीय संसद् सचिवालयमा दुई जरुरी सार्वजनिक महत्वका र एक सङ्कल्प प्रस्ताव दर्ता गराउनुभएको हो ।

## एमाले...

खटाउन पर्दैन भनेका थिए। 'तपाईं नै प्रमुख अतिथि भएर यो भेलाको उद्घाटन गर्नुहोस्, नजर लगाउन कसैलाई खटाउनै पर्दैन। यो भेलामा देशभरबाट कोको आएछन्, तपाईं नै आएर हेर्नुहोस् र आतिथ्य ग्रहण गर्नुहोस्। उद्घाटन गर्नुहोस्। देशभरबाट आएका तपाईंकै कार्यकर्ता हुन्, केन्द्रीय सदस्य हुन्। के भन्नुपर्ने हो, उहाँहरूलाई भन्दा हुन्छ', ओलीलाई लक्षित गर्दै प्रचार विभाग प्रमुख भट्टराईले भने। उनले कारबाही गर्ने भन्ने ओली अभिव्यक्तिलाई अहंकारको संज्ञा दिए। 'अहंकारपूर्ण अभिव्यक्ति हो। हामीलाई कुनै दुःख छैन। हामी एकपछि अर्को कारबाही भोग्न लामबद्ध छौं। त्यसमा हामीलाई कुनै पश्चात्ताप हुनेछैन। हामी मुलुक, संविधान, जनसमर्थनको रक्षाका निम्ति उभिएका मानिस हौं। हामीलाई त्यसका कुनै हीनताबोध छैन। त्यसैले तपाईंले गर्ने प्रत्येक कारबाहीका लागि हामी लामबद्ध छौँ', उनले ओलीलाई लक्षित गर्दै थपे।

ओलीले मंगलबार बिहान सांसद र केन्द्रीय सदस्यहरूलाई चियापानका लागि बोलाएका थिए। त्यस क्रममा उनले नेपाल समूहले पार्टी फुटाएको आरोप लगाएका थिए। नेपाल पक्षले गर्न लागेको राष्ट्रिय भेलाबाट समानान्तर कमिटी मात्रै नभएर छुट्टै पार्टी नै बनाए पनि केही गर्न नसक्ने उनको भनाइ थियो। 'पार्टी आफ्नोआफ्नो भयो, हिजो ०७५ जेठ ३ गते अघि फर्कियो भनेपछि पनि केही मानिसहरू छुट्टै भेला, छुट्टै बैठक गरिरहेका छन्, निहुँ खोजिरहेका छन्। ७ गते फेरि केन्द्रीय कमिटीको बैठक बालाइएको छ। उहाँहरू भोलि राष्ट्रिय भेला गर्ने, भेला बोलाउने सुन्दैछु, प्रतिवेदन पास गर्ने रे भनिरहेको पनि सुन्छु। राष्ट्रिय भेलाबाट केके समानान्तर कमिटी बनाउने रे। समानान्तर होइन अर्को कमिटी बन्ला। कसैले अर्को पार्टी बनाए के गर्न सकिन्छ र', प्रधानमन्त्री ओलीले भनेका थिए।

नेकपा एमाले (माधव नेपाल) पक्षले बुधबार ललितपुरमा बसेको राष्ट्रिय कार्यकर्ता भेलाले प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओली पक्षका गतिविधिको विरोध गरेको थियो । भेलामा नेता नेपालसहित झलनाथ खनाल, भीम रावल, अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे लगतायका नेताहरू सहभागी थिए ।

नेपाल पक्षले भने सर्वोच्च अदालतले दुई पार्टीबीचको एकतालाई मान्यता नदिएपछि एमाले पूर्ववत अवस्थामा फर्किएको र पार्टी सोही अनुसार चल्नुपर्ने माग राख्दै आएको छ । तर, ओलीले फागुन २८ गते आफू पक्षीय केन्द्रीय सदस्यहरूको बैठक बोलाएर पार्टी पदाधिकारीको जिम्मेवारी हेरफेर, पार्टीको विधान संशोधन र माओवादी केन्द्रबाट आएका २३ जना नेताहरूलाई केन्द्रय सदस्यमा मनोनयन गरेका थिए । सोही विषयलाई लिएर एमालेको विवाद चुलिएको छ ।

## श्रेष्ठको...

साल चैत ३ गते बिहान दुःखद निधन भएको छ । प्राध्यापक श्रेष्ठको निधनले हामी नेकपा (माले) का नेतृत्व र पार्टी पङ्तिलाई स्तब्ध र दुःखी बनाएको छ । उहाँ इतिहासको मर्मज्ञ, नेपालको कम्युनिष्ट आन्दोलनको निकटतम पर्यवेक्षक एवम् शुभचिन्तक उत्पीडित जातिय आन्दोलनका मित्र र नेपाल-कोरिया मैत्रीका एक स्तम्भ हुनुहुन्थ्यो । उहाँ लामो समयदेखि मिर्गौला र मुटु रोगबाट पीडित हुनुहुन्थ्यो । नेपाल र प्रजग (उत्तर) कोरियाको मैत्रीलाई प्रवर्द्धन गर्न उहाँले लामो समयसम्म नेपाल-कोरिया मैत्री सङ्घको नेतृत्व गर्नुभयो । कोरियाली क्रान्तिको मार्गदर्शक "जुछे बिचारधारा"को सम्बन्धमा अंग्रेजी भाषामा पुस्तकहरू लेख्नु र धेरै कोरियाली रचनाहरूको नेपालीमा अनुवाद गर्नुभएको थियो ।

प्राध्यापक श्रेष्ठको निधनबाट नेपालको प्रगतिशील आन्दोलन, देशको जातीय समानता निम्तिको आन्दोलन र नेपाल-कोरिया मैत्री प्रबर्द्धनमा अपुरणीय क्षति पुगेको छ । म दिवंगत प्राध्यापक श्रेष्ठप्रति भावपूर्ण श्रद्धाञ्जली चढाउँदै उहाँलाई चीर शान्तिको प्राप्तिको कामना गर्छु । साथै, शोकसन्तप्त परिवारजन, बन्धु-वान्धव र सहकर्मीहरूप्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।'

## महाकालीमा...

बनाइरहेको हो। गत पुसमै महाकालीको धार बदलिने गरी काम थाल्दा जिल्ला प्रशासन कार्यालय दार्चुलाले रोक्न भन्दै पत्राचार गरेको थियो। त्यसको बेवास्ता गर्दै भारतले करिब एक सय २० मिटर लामो तटबन्ध निर्माण गरिसकेको छ। अझै करिब २०-२५ मिटरमा जग राख्ने काम भइरहेको छ। महाकालीको धार नेपालतर्फ फर्काएर संरचना निर्माण गरिरहेकाले बर्खामा बाढी र कटानको जोखिम बढेको छ।

महाकाली पारिको नेपाली भूमिमै भारतले तटबन्ध बनाउन सुरु गरेपछि पुस २५/२६ गते नापी विभागको प्राविधिक टोलीले स्थलगत अध्ययन गरेर त्यसको प्रतिवेदन परराष्ट्र मन्त्रालयलाई बुझाएको थियो। तर परराष्ट्रले अहिलेसम्म उक्त प्रतिवेदन सार्वजनिक गरेको छैन। नेपालको कति क्षेत्रफलमा भारतले तटबन्ध बनाएको भन्नेबारे स्थलगत अध्ययन गर्न आएको टोलीको नापी विभाग प्रमुख दयानन्द जोशीले नेतृत्व गरेका थिए। पराराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले त्यसबारे कुनै जानकारी प्राप्त नभएको बताए।

दार्चुलाका महाकाली छेउका स्थानीयले पनि नदीले धार परिवर्तन गर्दा नेपालको भूभाग भारततिर गएको बताए। गल्फैका स्थानीय लोकमणि ठगुन्नाका अनुसार नदी किनारमा गाउँलेले खेल्ने पूरै भाग हाल नदीपारि गइसकेको छ। भू-संरक्षण कार्यालय र त्यसको वरपट्टिको भाग नदीपारि सरेको छ।

२०७० असारको बाढीपछि नेपालले महाकाली किनारमा पक्की तटबन्ध निर्माण गर्दा अन्तर्राष्ट्रिय मान्यताअनुसार काम सुरु गरेको थियो। भारतले भने एकलौटी रूपमा काम अघि बढाएको स्थानीयको गुनासो छ। विगतमा पनि भारतले महाकाली किनारमा नदीको धार परिवर्तन हुने गरी संरचना राखेकाले सदरमुकाम क्षेत्रमा नेपालतिर बढी क्षति भएको नेपाली अधिकारीहरूको बुझाइ छ। अहिले अस्पताल पारिपट्टि नदीको धार परिवर्तन गरेर भारतले तटबन्ध बनाइरहेको छ।

उक्त क्षेत्रमा दिनहुँजसो एक्स्काभेटरले नदी छेउमै पुगेर पानीलाई नेपालतर्फ फर्काएर तटबन्धको जग खनिरहेको महाकाली नदी नियन्त्रण आयोजनाले जनाएको छ। उक्त संरचनाबारे भारतमै गएर कस्तो प्रविधि र मोडलको तटबन्ध निर्माण भइरहेको हो भन्नेबारे नेपाल पक्षले अहिलेसम्म बुझ्न सकेको छैन। नजिकै नेपालबाटै हेरेर 'पीसीसी मोडल' मा बाँध राखिरहेको भन्न सकिने महाकाली नदी नियन्त्रण आयोजनाका निर्देशक शोभाकर पौडेलले बताए।

अन्तर्राष्ट्रिय सीमा नदीको वारिपारि नेपाल-भारतको सर्भे टोलीले निर्धारण गरेको बिन्दुलाई आधार मानेर दुवै क्षेत्रका अधिकारीको समन्वयमा सीमामा संरचना निर्माण गर्ने सहमति भएको थियो। महाकालीको तलदेखि माथिसम्म नेपाल-भारतको सीमा बिन्दु कायम गरिएका छन्। अहिले नदीले धार परिवर्तन गरेको भए पनि नेपाल र भारतको सीमा सर्भे टोलीले बिन्दु किटान गरिसकेकाले त्यही आधारमा संरचना बनाउनुपर्ने नेपाली अधिकारीहरूको भनाइ छ।

## विकास खर्च...

बजेटको अर्धवार्षिक समीक्षाको क्रममा खर्च संशोधन गरेको थियो। मन्त्रालयले गरेको संशोधनसँगै यस आवमा दुई खर्ब ८३ अर्ब रुपैयाँ पुँजीगत खर्च हुनेछ।

योसँगै गत आवको सोही समयको तुलनामा एक प्रतिशत कम पुँजीगत खर्च भएको छ। गत आवको आठ महिनाको अवधिमा २४ प्रतिशत अर्थात् ९५ अर्ब ३७ करोड ६४ लाख रुपैयाँ पुँजीगत खर्च भएको छ। यस्तै गत आवमा पुँजीगततर्फ चार खर्ब आठ अर्ब रुपैयाँ विनियोजन गरिएको थियो। यसले के प्रमाणित हुन्छ भने खर्च गर्ने हाम्रो प्रवृत्तिमा कुनै सुधार आउनसकेको छैन जसले गर्दा नागरिकहरूले विकासको प्रत्यक्ष/अप्रत्यक्ष अनुभव गर्न पाएका छैनन्।

अर्थमन्त्री विष्णु पौडेलले बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा चालू आर्थिक वर्षको बाँकी अवधिमा बजेट कार्यान्वयनको स्तरमा सुधार आउने अपेक्षा गरिएको बताउँदै बजेट अनुशासन कायम गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गरिएको बताए पनि विकास खर्च भने हुनसकेको छैन। प्रतिवेदनमा विकास खर्चलाई तीव्रता दिन भन्दै सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी

बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली जारी गरिएको, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने मापदण्ड कार्यान्वयनमा ल्याइएको, बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड जारी गरिएको भए पनि विकास खर्चमा भने उल्लेखनीय सुधार हुनसकेको छैन।

पुँजीगत खर्च न्यून हुँदा चालू खर्च भने उत्साहजनक नै मान्न सकिन्छ। आठ महिनाको अवधिमा चालू खर्च ४८ प्रतिशत अर्थात् चार खर्ब ५५ अर्ब ८१ करोड ५९ लाख रुपैयाँ रहेको छ। चालू शीर्षक अर्थात् तलब, भत्ता तथा भाडालगायत एक वर्षभन्दा कम टिकाउ हुने सामग्रीमा गरिने खर्चको रुपमा बुझिन्छ। यस्तै यस आवको लागि सरकारले चालू शीर्षकमा नौ खर्ब ४८ अर्ब ९४ करोड छ लाख रुपैयाँ विनियोजन गरेकोमा संशोधनपछि भने नौ खर्ब १४ अर्ब ७८ करोडमा सीमित गरिएको छ। यस्तै गत आवको सोही अवधिमा भने ४७ प्रतिशत अर्थात् चार खर्ब ४८ अर्ब ९५ करोड ७१ लाख रुपैयाँ चालू खर्च भएको थियो भने नौ खर्ब ५७ अर्ब १० करोड रुपैयाँ विनियोजन गरिएको थियो।

वित्तीय व्यवस्थापन अर्थात् वित्तीय व्यवस्थातर्फ भने सोही अवधिमा २१ प्रतिशत अर्थात् ३५ अर्ब ५० करोड ८३ लाख रुपैयाँ खर्च गरिएको छ। सरकारले चालू आवमा वित्तीय व्यवस्थाको लागि एक खर्ब ७२ अर्ब ७८ करोड ७३ लाख रुपैयाँ विनियोजन गरेकोमा संशोधनपछि भने एक खर्ब ४६ अर्ब ८६ करोड रुपैयाँमा सीमित गरिएको छ। यस्तै गत आवको सोही अवधिमा ३८ प्रतिशत अर्थात् ६३ अर्ब ५२ करोड रुपैयाँ खर्च भएको पाउन सक्छौं। गत आवका लागि वित्तीय व्यवस्थापनतर्फ सरकारले एक खर्ब ६७ अर्ब ८५ करोड रुपैयाँ विनियोजन गरेको थियो।

चालू, पुँजी र वित्तीय खर्च गरेर विनियोजित बजेटमध्ये ४० प्रतिशत खर्च भएको कार्यालयले जनाएको छ। यस आवको लागि सरकारले १४ खर्ब ७४ अर्ब ६४ करोड रुपैयाँ विनियोजन गरेकोमा संशोधनपछि १३ खर्ब ४४ अर्ब ६८ करोड रुपैयाँमा खर्चमा सीमित गरिएको छ। विभिन्न सुधारका प्रयासहरू हुँदाहुँदै पनि संघ, प्रदेश र स्थानीय तहमा आयोजना कार्यान्वयन र खर्च गर्ने क्षमतामा अपेक्षित सुधार आउन नसकेको प्रतिवेदनले औँल्याए पनि त्यसपछि सरोकारावाला निकायहरूले त्यसमा सुधार ल्याउनको लागि कुनै पहल गरेको पाउन सक्दैनौँ।

खर्च प्रणालीमा विगतमा कायम रहेका खरिद र ठेक्काको दायित्व फर्छ्यौट गर्ने समस्याहरू कायमै रहेको, खर्च गर्ने निकायको प्राविधिक, वित्तीय र व्यवस्थापकीय क्षमतामा सुधार गर्नु आवश्यक छ। बजेटमा उल्लिखित कार्यक्रममा कार्यान्वयनमा प्राविधिक, वित्तीय र व्यवस्थापकीय क्षमतामा सुधार हुन नसकेको, बजेटमा उल्लिखित कार्यक्रममा कार्यान्वयनमा केही निर्देशिका, मापदण्ड, कार्यविधि हालसम्म तर्जुमा हुन नसक्नु तथा कतिपय कार्यक्रमको सञ्चालन विधिमा स्पष्टता नहुँदै बजेटमा समावेश गर्दा महत्वपूर्ण कार्यक्रमको कार्यान्वनमा विलम्ब हुँदा बजेट कार्यान्वयनमा समस्या भएको अर्थले जनाएको छ।

## चालु खाता...

महिनामा कुल वस्तु आयात ०.०१ प्रतिशतले वृद्धि भई आठ खर्ब तीन अर्ब ६४ करोड रूपैयाँ कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३.६ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा विदेशी मुद्राको सञ्चितिमा सुधार हुने क्रम भने जारी रहेको पाइएको छ। केन्द्रीय बैंकका अनुसार कुल विदेशी विनिमय सञ्चिति ४.३ प्रतिशतले वृद्धि भई माघ मसान्तमा १४ खर्ब ६२ अर्ब तीन करोड रूपैयाँ पुगेको छ। अघिल्लो आर्थिक वर्षको अन्त्यसम्म विदेशी मुद्रा सञ्चिति १४ खर्ब एक अर्ब ८४ करोड रूपैयाँ बराबर थियो।

चालु आवको सात महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १३.१ महिनाको वस्तु आयात र ११.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने राष्ट्र बैंकले जनाएको छ। माघमा शोधनान्तर स्थिति भने ९७ अर्ब ३६ करोड रूपैयाँले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति २१ अर्ब ६१ करोड रूपैयाँले बचतमा थियो।

चालु आर्थिक वर्षको सात महिनामा रेमिटेन्स १०.९ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा रेमिटेन्स १०.९ प्रतिशतले बढेर पाँच खर्ब ६७ अर्ब ७० करोड रूपैयाँ पुगेको छ। अमेरिकी डलरमा रेमिटेन्स आप्रवाह ६.७ प्रतिशतले वृद्धि भई चार अर्ब ८१ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ०.५ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रमस्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या ७५.९ प्रतिशतले घटेको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २१.७ प्रतिशतले बढेको थियो। वैदेशिक रोजगारीका लागि पुनः श्रमस्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ६७.४ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ०.६ प्रतिशतले घटेको थियो ।

## अझै अलमलमा...

पर्खाइमा छन् । यता माओवादी केन्द्र नेपाली कांग्रेस र जनता समाजवादी पार्टीसँग गठबन्धन बनाउन लागिपरिरहेको छ । प्रतिनिधिसभा विघटनको निर्णय गर्ने प्रधानमन्त्री ओलीको कदम असंवैधानिक भएको फैसला सर्वोच्चले दिइसकेको सन्दर्भमा ओली नैतिक रुपले रहिरहन मिल्दैन । राजीनामा दिनुपर्छ भन्ने माओवादी केन्द्रको अडान देखिन्छ ।

कांग्रेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टी मिलेर सरकार बनाउने विषयमा छलफल जारी रहे पनि कसको नेतृत्वमा सरकारमा जाने भन्ने विषय टुंगोमा पुग्न सकेको छैन । अहिले निर्णायक पोजिसनमा जनता समाजवादी पार्टी रहेको छ । प्रधानमन्त्री ओली जसपाको पुरानो राष्ट्रिय जनता पार्टीलाई अलग्याएर उसको समर्थनमा सत्तामा टिकिरहने कसरत गरिरहेका छन् । डा. बाबुराम भट्टराई, उपेन्द्र यादव समूह ओलीलाई जसरी पनि विस्थापित गर्न खोजिरहेका छन् । ओली भने आफू अल्पमतमा पर्ने भएपछि संविधानअनुसार फेरि संसद विघटन गर्ने दलील प्रस्तुत गर्न थालेका छन् । आफ्नो यही एजेन्डा सुनाउन आफूप्रति अनुगृहित राष्ट्रपति भण्डारीलाई सर्वदलीय बैठक बोलाउन लगाएकोमा दुईमत छैन ।

संविधानको व्यवस्थाअनुसार प्रतिनिधिसभा विघटनका लागि अझै सरकार निर्माणका तीनवटा चरण पार गर्नुपर्ने हुन्छ । व्यावहारिक रुपमा प्रधानमन्त्री ओली नेतृत्वको सरकार अल्पमतमा परिसकेको छ । माओवादी केन्द्रले सरकारबाट अलग भएको सूचना औपचारिक रुपमा नदिएको प्राविधिक कारणले मात्रै ओली नेतृत्वको सरकारले निरन्तरता पाएको हो । दुई पार्टीको एकतालाई अदालतले खारेज गरिदिएपछि एमाले र माओवादी केन्द्र ब्युँतिए पनि प्रधानमन्त्री ओली राजनीतिक संकटबाट मुक्त भएका छैनन् । ओली सकेसम्म आफ्नो सरकार टिकाउने, नसके निर्वाचनमा जाने मुडमा देखिएका छन् । उनी संविधानको धारा ७६ (२) अन्तर्गत गठबन्धन नेतृत्वको हैसियतमा छन् ।

माओवादी केन्द्रले सरकारबाट अलग भएको औपचारिक घोषणा गर्नासाथ उनले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । ओलीविरुद्ध अविश्वासको प्रस्ताव पारित भए वा उनले विश्वासको मत लिन नसके फेरि पनि संविधानको धारा ७६ (२) अन्तर्गत गठबन्धन सरकारको निर्माणका लागि बाटो खुल्छ । यसका लागि नेपाली कांग्रेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टीमध्ये कुनै एकले सरकार निर्माणमा सहभागी नभइदिए ओलीले नै ठूलो दलको हैसियतमा अल्पमतको सरकारको नेतृत्व गर्न सक्ने संवैधानिक व्यवस्था छ ।

अल्पमतको प्रधानमन्त्रीले विश्वासको मत लिन नसके सरकार निर्माणको अन्तिम विकल्पमा संसदको कुनै पनि सदस्य प्रधानमन्त्री बन्न सक्ने व्यवस्था छ । बहुमत पुऱ्याउन सक्ने आधार प्रस्तुत गर्ने प्रतिनिधिसभा सदस्यलाई राष्ट्रपतिले संविधानको धारा ७६ (५) अन्तर्गत प्रधानमन्त्री नियुक्ति गर्नुपर्नेछ । यस्तो प्रधानमन्त्रीले ३० दिनभित्र प्रधानमन्त्री नियुक्त गर्नुपर्नेछ । यस्तो प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिन नसके मात्रै निर्वाचनमा जान प्रतिनिधिसभा विघटन हुने संवैधानिक व्यवस्था छ । तर प्रधानमन्त्री ओलीले गठबन्धनको वैकल्पिक सरकार बन्ने अवस्था रोकेर अन्य चार चरण पार नगरिकनै पुनः संसद विघटन गर्ने संकेत दिएका छन् ।

संसदलाई असफल बनाउने योजना प्रधानमन्त्रीबाटै भइरहेको कांग्रेस र माओवादीका नेताहरूको छ । अहिले संसद प्रधानमन्त्री र सभामुखको द्वन्द्वमा परेको छ । संसदलाई चल्न नदिएर मध्यावधि निर्वाचनमा लैजाने चेस्टा प्रधानमन्त्री ओलीले गरिरहेका छन् । पुनःस्थापना भएको २५ दिन बितिसक्दा पनि प्रतिनिधिसभाले बिजनेस पाएको छैन । अहिलेसम्म चलेका तीनवटा बैठक औपचारिकतामै सीमित भए । संसदमा गए पनि प्रधानमन्त्री बैठकमा छिरेका छैनन् । आफ्नै पार्टी एमाले विभाजनको नजिक छ । वरिष्ठ नेता झलनाथ खनाल र माधवकुमार नेपाल समूह सरकारलाई साथ दिने पक्षमा देखिँदैनन् । अर्कोतर्फ ओलीको विकल्पमा कांग्रेस, माओवादी र जसपाको गठबन्धन सरकार बनाउने प्रयास जारी छ । नेपाली कांग्रेस आफ्नो नेतृत्वमा चुनावी सरकार बनाएर ताजा जनादेशमा जान तयार रहेको पनि भनिँदैछ ।